# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (तेस्रो बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति: २०७९।०२।१३ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ३९ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु, अब मिति २०७९ जेठ १२ गते माननीय अर्थ मन्त्री श्री रामजी प्रसाद वराल जीवनले सभा समक्ष प्रस्तुत गर्नुभएको आ.व. २०७९/८० को बजेट तयारीका लागि विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकता माथिको छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निधारिण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम मननीय सदस्य श्री किरण गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**मननीय किरण गुरुङ**

माननीय सभामुख महोदय, विनियोजन विधेयक अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रमको सन्दर्भमा सिद्धान्त र प्राथमिकता पूर्व बजेटको छलफलको क्रममा हामी छौं । हिजो मात्र माननीय अर्थमन्त्रीज्यूले यो सम्मानित सदनको वैठकमा आ.व. २०७९ र ०८० को सन्दर्भमा सिद्धान्त र प्राथमिकता सदन समक्ष प्रस्तुत गर्नुभएको छ र म यी सन्दर्भमा यो एउटा पूर्व बजेटको छलफलको क्रममा हामी छौं र मैले

विषयवस्तुमा प्रवेश गर्नुभन्दा अगाडि एउटा खड्केको कुरा मैले यहाँहरुलाई राख्न चाहन्छु । हिजो यो पूर्व बजेट छलफलको निम्ति भनेर १ बजे तोकिएको थियो र म अब हामी यहाँ आयौं, १ बजिसकेपछि मलाई लाग्छ १ बजेर ८ मिनेट १० मिनेट कति गएको थियो, अब एउटा एसएमएस आयो । सभामुख, उपसभामुख, सचिव, पोखरा महानगरपालिकाको शपथ ग्रहण कार्यक्रममा जानुभएको कारणले १ घण्टा ढिलो गरी यो सुरु हुनेछ । पछि सामाजिक सञ्जालमा हेरें यो प्रदेश सभाको सभामुख मात्रै होइन, उपसभामुख र सचिव मात्र होइन, प्रदेश सरकारमा पनि लावालस्कर लागेर शपथ ग्रहणमाथि उपस्थित हुनुहुँदो रहेछ, मेरो कुनै आपत्ति होइन । तर म सभामुख महोदय, म प्रश्न गर्न चाहन्छु कि, यो कामकुरो एकतातिर कुम्लो बोकी ठिमीतिर भन्ने जस्तो भएन र ?

यो पूर्व बजेट जुन छलफलको कार्यक्रम छ, यो कुनै कर्मकाण्ड हो जस्तो मलाई लाग्दैन। लोकतान्त्रिक अभ्यासमा पूर्व बजेट छलफल भनेको यो महत्वपूर्ण अंग हो, यो बजेट र्निाण गर्ने क्रममा, बजेट प्रस्तुत गर्ने क्रममा, बाजेटलाई पारित गर्ने क्रमको सबैभन्दा महत्वपूर्ण कार्यक्रम भनेको, अगं भनेको यो सदनको यो बजेट अधिवेशनको सबैभन्दा महत्वपूर्ण अब यो वैठक हो भन्ने मलाई लाग्छ र म त्यो ध्यानाकर्षण गराउन चाहन्छु । यसैगरी अहिले म अब यो बजेटको सिद्धान्त र यसको प्राथमिकता मलाई लाग्छ कति ८७ वटा बुँदामा यहाँ प्राथामिकता आएको छ । मलाई कस्तो लाग्यो भने कतिपय कुराहरु, मूल कुरा भनेको जे देखियो त्यही राम्रा लाग्ने, जे सोच्यो त्यो राखुँ राखुँ लाग्ने, जे सम्झ्यो त्यो सबैचाहिँ राख्नुपर्छ भन्ने लाग्ने हो भने प्राथमिकता कसरी छुट्याउने ? सरसर्ती हेर्दा हिजैको निरन्तरता दिइएको छ त्यसमा मेरो कुनै पनि भनाई छैन, मेरो कुनै पनि आपत्ती होइन ।

त्यसमा म माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु तर पढ्दै जाँदा सरसर्ती पढ्दै जाँदा पढ्दै जाँदा यो त अब जति सम्झत्यो त्यहाँ त बुँदा थपिएको छ । कागले मयूरको प्वाँख घुसारे जस्तै गरेर यहाँ घुसारिएको छ, घुसारिएको छ । फुर्को झुण्डाइएको छ, झुण्डाइएको छ, थपिदै थपिदै त्यो फुर्को प्राथमिकताको फुर्को हो वा

केको फुर्को वा थपिंदै थपिंदै र यो ८७ पुगेको छ र फेरी त्यहीँ लेखिएको छ, त्यही भनिएको छ, हामीसँग स्रोत सीमित छ तर हाम्रा प्राथामिकता सम्झेजति जम्मा प्राथमिकतामा राख्ने हो भने प्राथमिकताको अर्थ के हुन्छ ? भोलि बजेट आउँला अब बजेटमा प्राथमिकताको पनि त्यसको एउटा क्षेत्र होला, त्यसपछि आएर त्यसको विषयगत क्षेत्र पनि होला, त्यसपछि आएर त्यसको आयोजनाहरुको कुरा होला, कुन आयोजना प्राथमिकतामा राख्ने ? वार्षिक कार्यक्रमहरु होलान्, ती वार्षिक कार्यक्रमहरु मध्येमा कुन कुन कार्यक्रमहरुलाई आयोजनाहरुलाई प्राथमिकतामा राख्ने हो ? फेरि नियमित ढंङ्गले गर्नु पर्ने कामहरु होलन्, योजनाहरु पनि होलान् ?

त्यसलाई कसरी सूचीकृत गर्ने हो ? भोलि प्राथमिकता भनिसकेपछि बजेटमा नीति तथा कार्यक्रममा त्यो कुराहरुलाई बोल्छ कि बोल्दैन ? त्यो बोल्दा कसरी बोल्छ ? त्यसपछि आएर त्यो बजेट राजश्व तथा आयव्ययको जुन विवरण पेश गरिन्छ, बजेट निर्माण गरिन्छ, बजेट निर्माण गर्दाखेरी त्यसबेला रकम कसरी विनियोजन हुन्छ ? र त्यो प्राथमिकता तोक्दाखेरी कुन सिद्धान्तको आधारमा तोक्ने हो ? अब यहाँ देखिएको छ, सिद्धान्त भनिएको छ, त्यो प्राथमिकता र सिद्धान्तमा कुनै भिन्नता नै छैन । मैले भिन्नता देख्नै सकिएन र त्यसमा पनि के भयो त भन्दा सिद्धान्त भनेको त कुनको आधारमा तपाईं प्राथमिकता तोक्दै हुनुहुन्छ ? कुन नीतिको आधारमा ? कुन मापदण्डको आधारमा ? कुन लक्ष्यको आधारमा ? र कुन योजना हाम्रा आवधिक योजनाहरु छन् ? र त्यो लक्ष्यको आधारमा कुन आधारमा तपाईंले प्राथमिकता तोक्दैहुनुहुन्छ ? त्यो कुरा यहाँ केही पनि देखिदैन ।

सम्झेजति, लागेजति सबै कुराहरु अब सबै कुरालाई समेटेर जानुपर्छ, सबै कुराहरुलाई यहाँ उल्लेख गर्नुपर्छ भनेर जसरी उल्लेख गरिन्छ भने त्यसैलाई कुनै पनि विषयवस्तुले प्राथमिकता प्राप्त गर्न सकिदैन र अहिले सरसर्ती हेर्दाखेरी अब यो प्राथमिकता हेर्दा खेरी अब कुनलाई प्राथमिकता दिएको यो कुरा कुनै बुझ्न सकिने अवस्था छैन । यद्यपि छैन भन्दा यहाँ छ कुरा छ फेरी । मनचिन्तन झोले जस्तो तपाईंले जे खोजे पनि पाउनु हुन्छ । खेलाडीले खोजे पनि खेलाडीको बारेमा छ,

खेलको बारेमा पनि छ। स्वास्थ्यको बारेमा पनि छ सबै कुरा तपाईंले पाउनुहुन्छ तर त्यही धेरै कुरा पाउने भएर प्राथमिकता तपाईंले कुन विषयगत क्षेत्रलाई छुट्याउनु भएको छ ? कुन क्षेत्रलाई तपाईंले प्राथमिकता दिनुभएको छ ? कुन आयोजनालाई, कुन कार्यक्रमलाई तपाईंले प्राथमिकता दिनुभएको छ ? र ती प्राथमिकता दिने आधारहरु के—के होलान् ? त्यो छलफलको विषय यहाँ बन्नुपर्थ्यो । यहाँ कसरी बनाउने ? तपाईंले कृषिमा अनुदानको कुरा पनि त्यहीं राख्नुभएको छ, तपाईंले लिफ्टिङलाई सहुलियत दिने कुरा पनि त्यहीं राख्नुभएको छ, तपाईंले खानेपानीको लिफ्टिङ देखि लिएर सिँचाईलाई लिफ्टिङको कुरा पनि राख्नुभएको छ, तपाईंले जन आन्दोलनको कुराहरुलाई पनि राख्नुभएको छ, कुराहरु तपाईंले राख्छुभएको छ, तर त्यो लक्ष्यहीन खालको यो पनि गर्नु पर्ने त्यो पनि गर्नु पर्ने जे देख्यो त्यही राम्रो लाग्ने जस्तो, छान्नु पर्ने प्राथमिकता भनेपछि छान्नु पर्ने हुन्छ, त्यस्तो यो देखिएको छैन र अब अहिले हामीले हाम्रो यो अवधि, हाम्रो कार्यकालको अन्तिम आ.व. को बजेट हामीले बनाउँदैछौं, निर्माण गर्दैछौं ।

अब यस्तो बेलामा हामीले प्राथमिकता कसरी निर्धारण गर्ने ? अहिलेसम्म हाम्रा कार्यक्रमहरु, आयोजनाहरु के कस्ता भए ? त्यो समिक्षाको विषय पनि बन्नु पर्ने होला। मध्यमकालिन संरचना अनुरुप अगाडि बढेको छ छैन ? त्यो अनुसार कार्यान्वयन भएको छ कि छैन ? आवधिक योजना अनुसार नीति तथा योजना आयोगले निर्माण गरेको योजना अनुसार अगाडि बढ्या छ छैन ? समीक्ष भएको छ कि छैन ? त्यस्तै गरेर अहिले अब यो सिलिंग आए होला, बजेटको सिलिंग आयो होला, अनुदानको सिलीङ्ग आए होला ।

राजश्व फाँटको पनि सिलिङ के कस्तो आएको छ त्यो पनि मलाई जानकारी छैन तर मैले सामाजिक सञ्जालमा देखेको छु, यसभन्दा अगाडि हाम्रो मुख्यमन्त्री प्रधानमन्त्रीसँग बजेट माग्नका निम्ति भनेर उहाँ जानुभएको थियो रे भनेर सामाजिक सञ्जलमा मैले हेरेको, त्यो भन्दा अगाडि एक पटक सञ्जालमा मैले, प्रधानमन्त्रीलाई भेटेर प्रदेशको बजेटको माग गर्नुभएको कुरा मैले सुनेको थिए। पढेको थिए अब त्यो

हो होईन,  मलाई थाहा छैन  तर अहिले देशको स्थिति कस्तो छ? अर्थतन्त्र चलायमान हुनको निम्ति अब अर्थमन्त्रालय र राष्ट्र बैंक (केन्द्रीय बैंक) भन्छ हाम्रो नेपलको सन्दर्भमा राष्ट्र बैंकको मिलेर त्यो अगाडि बढ्छ तर अहिले त्यो देखिराखेको छैन तर  ठूलो आर्थिक संकटमा हामी छौ, तरलता बढिरहेको छ, विदेशी मुद्राको सञ्चिती घटिरहेको छ । त्यस्तो अवस्थामा र अहिले प्रधानमन्त्रीसँग बजेट मागेर हामीले बजेट प्राप्त गर्न सक्छ कि सक्दैन ? प्राकृतिक स्रोत तथा वित्तीय आयोगको काम के हो ? नीति तथा योजना आयोगको काम के हो  र हिजोको हाम्रो केन्द्रिकृत शासन प्रणाली अनुसार नै हामीले बजेट मागेर बजेट आउछ कि आउँदैन, आन्तरिक ढंगले हामीले स्रोतलाई परिचालन गर्न सक्छ कि सक्दैन ? त्यस सम्बन्धमा प्राथमिकता छ छैन भन्ने सन्दर्भमा मलाई लाग्छ, अब यी धेरै कुराहरु छन् यसमा पछि आउने माननीय सदस्यहरुले छलफल चलाउनु नै हुनेछ र म यति भन्दै म आफ्नो भनाई यही समाप्त पार्छु । हवस त धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु, त्यसपछि माननीय सदस्य श्री बिनोद के.सी. ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, हामी अहिले आगामी वर्षका लागि बजेट निर्माणमा जुटेका छौं । यसै सन्दर्भमा माननीय अर्थमन्त्रीज्यूले हिजो यस सम्मानित सभामा विनियोजन विधेयकमा समावेश हुने बजेटका सिद्धान्त र प्राथमिकताको विषयमा प्रस्तुत गरिसक्नुभएको छ । नेपालको संविधानमा समाविष्ट मौलिक हक प्रथम पञ्चवर्षिय योजना, गण्डकी प्रदेश प्रथम पञ्चवर्षिय योजनाका लक्ष्य तथा उद्देश्य दिगो विकास लक्ष्य, राजनीतिक दलका चुनावी घोषणा पत्र आधार बनाएर प्रस्तुत गरिएको सिद्धान्त र प्राथमिकताले हाम्रो आगामी बजेटको मार्ग प्रशस्त गरिएको छ, यसलाई आधार बनाएर तयार गरिने बजेटले समृद्ध र सक्षम गण्डकी प्रदेशको खाका कोर्ने म विश्वास

दिलाउन चाहान्छु। स्थानीय तहको निर्वाचन भर्खरै सम्पन्न भई नयाँ नेतृत्वले काम थालिसकेको छ । यस अवसरमा निर्वाचित सम्पूर्ण पदाधिकारी माननीय पदाधिकारीज्यूहरुलाई माननीय सभामुखज्यू मार्फत म वधाई एवं सफल कार्यकालको शुभकामना दिन चाहन्छु ।

राजनीति घटनाक्रमले नेपाली काँग्रेसको नेतृत्वमा गठवन्धन सरकार संचालन गर्ने जिम्मेवारी आएको पनि १ वर्ष पूरा हुन लागेको छ । सीमित स्रोत, साधन, संघ सरकारको अनुदारपन अनि बिभिन्न अवरोधका बिच गठवन्धन सरकारले नागरिकको नजिक पुगेर काम गर्ने प्रयास गरेको छ । संघीयता र प्रदेश सरकारको औचित्य खोज्नेहरुका लागि यो अवधि गतिलो जवाफ भएको छ । नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नका लागि अत्यन्तै कम समय रहेको अवस्थामा यो सरकार बनेको हो । संवैधानिक दायित्व पूरा गर्नकै लागि पनि सरकारले नीति तथा कार्यक्रम र बजेट ल्याउनै पर्ने थियो आयो पनि । बजेटलाई कार्यान्वयन गर्ने क्रममा क्षमताले भ्याएसम्म सरकारले आफ्ना काम कारवाहीलाई जनमुखी र प्रतिफलयुक्त बनाएकै छ।

प्रदेश समृद्धीको पहिलो आधार पर्यटन क्षेत्रलाई चलायमान बनाउन राजदूतहरुलाई पोखरामा स्वागत गरेर मधेश प्रदेशका मुख्यमन्त्रीलाई निमन्त्रणा गरेर उल्लेखनीय प्रयास भएको हो । जनकपुरधाम, धनगढी, सिमरा, भरतपुर, भैरहवा, नेपालगञ्ज हवाई उडान सम्पर्क जोडिएपछि आन्तरिक पर्यटनमा थप बल पुगेको छ । व्यवसायिक जीवन रक्षाकोष अझै प्रभावकारी बनाउन ख वर्गका बैंकहरुलाई समेत ऋण लगानी प्रकृयामा समन्वयन गरी कार्यविधधि संसोधन गरिएको छ। माननीय सभामुख महोदय, प्रदेश भित्रका नागरिकलाई निःशुल्क रगत तथा रगतजन्य सेवा उपलव्ध गराउने व्यवस्था, जनयुद्ध, जनआन्दोलका घाइते, सहिद बेपत्ता, अपांगता भएका परिवारका सदस्यलाई प्रदेश सरकार मातहतका अस्पतालबाट निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था सरकारका महत्वपूर्ण उपलव्धि हुन् । कोभिड—१९ का कारण निधन भएका परिवारलाई प्रति परिवारलाई ५० हजार रुपैया र अभिभावक गुमाएका

बालबालिकालाई मासिक ५ हजार रुपैयाँको दरले थोरै भए पनि राहत तथा मानवीय सहायता उपलव्ध भएकै छ ।

माननीय सभामुख महोदय, २९ जेठ २०७८ मा माननीय मुख्यमन्त्रीज्यूले शपथ लिई पद वहाली गर्दा पाठेघरको मुख र स्तन क्यान्सरको उपचार निःशुल्क गर्ने घोषण गर्नुभए अनुरुप फागुन १७ गते वि.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरसँग सम्झौता भइसकेको छ । शिक्षा, स्वास्थ्य क्रमका क्षेत्रमा आवश्यक नीति निर्माण गर्नुका साथै विकास निर्माणका काममा समेत यो सरकार कृयाशील रहेको, सत्तापक्षको नेतृत्व गरिरहेको दलको प्रमुख सचेतकको हैसियतले म यहाँहरुलाई दावी गर्न चाहन्छु माननीय सभामुख महोदय ।

प्रदेशको लाइफलाईन कोरोना त्रिवेणी सडकको दुम्कीवास त्रिवेणी खण्डको काम अगाडि बढाउने होस् या डेढगाउँ झ्यालवास सडक खण्ड डवल लेनको बनाउने काम होस् यसैले नवलपुर मात्र होइन सम्पूर्ण प्रदेशवासीलाई खुशी तुल्याएको छ । सबै मन्त्रालयहरुको क्षमता अनुसार कार्यसम्पादन गर्दै संघीयतालाई मजबुत बनाउने काम गरिरहेको छ ।माननीय सभामुख महोदय, मैले यी विषय किन उठान गरेको हुँ भने, आगामी वर्षको बजेटमा पनि सरकारले यस्तै जनमुखी र प्रभावकारी विषयलाई अगाडि बढाउने छ, जुन संकेत सिद्धान्त र प्राथमिकता मार्फत आइसकेको छ ।सभामुख महोदय, प्रभावकारी अन्तरसरकारी समन्वय र पारस्पारिक सहयोग मार्फत प्रदेश सरकारको भूमिकालाई थप कृयाशील बनाई नागरिकको सुशासन, शान्ति, समृद्धीको चाहना पूरा गर्ने गरी संघीयताको कार्यान्वयन र सुदृढीकरण गर्नु अहिलेको आवश्यकता हो । प्रदेश सरकारको लगानीमा उच्च प्रतिफल हासिल हुने क्षेत्रमा आवद्ध गरी आर्थिक कृयाकलापको परिचालन मार्फत अर्थतन्त्रलाई गतिशील बनाउनु पर्ने अहिलेको आवश्यकता हो ।

उत्पादकत्व वृद्धि, उद्यमशीलता प्रर्वधन, रोजगारी सृजना हुने गरी विकास आयोजना स्रोत परिचालनमा उपयुक्त लगानीको वातावरण बनाई बाहिरी लगानी समेत परिचालन गरि सार्वजनिक नीति तथा सरकारी क्षेत्रको साझेदारीमा प्रदेशको दिगो तथा फराकिलो

आर्थिक वृद्धि हासिल गर्ने समृद्ध प्रदेशको परिकल्पना साकार पार्नु पर्नेछ । सार्वजनिक सरकारी र नीजि क्षेत्रबाट उपलव्ध स्रोत साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दीगो अर्थतन्त्रको निर्माणलाई प्राथमिकतामा राखिएको छ । प्रदेश गौरवका आयोजना तथा प्रदेशका रणनैतिक महत्वका अयोजनाहरु समयमा नै सम्पन्न गर्न स्रोत व्यवस्थापन गर्ने वित्तीय हस्तान्तरण भए स्थानीय तहमा विनियोजन भएको बजेटको कार्यान्वयन अवस्थाको र प्रगतिको विवरण तत्काल प्राप्त गर्न सक्ने प्राणायमको विकास गर्ने प्रतिवद्धता सरकारले गरेको छ ।

कृषि क्षेत्रमा बीउ उत्पादनको लागि शीड बैंक स्थापना गर्न अगाडि बढाइने, कृषिजन्य उत्पादनका लागि आवश्यक बीउ उत्पादकले रोयल्टी पाउने व्यवस्थालाई अगाडि सारिएको छ । बाली उत्पादनको सम्भावनाको आधारमा पकेट एरिया निर्धारण गरिने स्थानीय तहसँगको साझेदारीमा कृषि प्राविधिकको परिचालन गरी मुख्य बालीको उत्पादन बढाउन, उत्पादनको आधारमा सहुलियत ऋण दिने प्राणालीलाई लागु गर्ने कुरा स्वागतयोग्य छ । असिनाबाट हुने क्षति र बाँदरबाट हुने क्षति न्यूनीकरणका उपायसहित विकल्पको रुपमा सिमलतरुल लगायतका खेती प्रणाली विकास गर्न सकेमा किसानलाई राहत मिल्नेछ । प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानीको सेवा प्रदान गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्षभित्र सबैलाई आधारभूत खानेपानीको पहुँच सुनिश्चितता गर्ने लक्ष्य छ । आगामी आ.व. भित्र उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गरिने प्रदेशको आयमा सहयोग पुग्ने गरी विद्युत आयोजना लगानी गर्ने नीति अवलम्वन गरिएको छ ।

नेपाल सरकार र प्रदेश सरकारको लगानीमा साझेदारीमा जलाशययुक्त बुढीगण्डकी र उत्तरगंगा जलविद्युत आयोजना संचालन गर्ने व्यवस्था मिलाउन सकेको खण्डमा प्रभावकारी हुनेछ । गण्डकी विश्वविद्यालयको भौतिक एवं शैक्षिक पक्षको विकास गरी प्रदेशको समृद्धी र विकासका लागि आवश्यक पर्ने विषयमा केन्द्रित गरी पठनपाठन संचालन गरिने, गण्डकी प्रदेशमा सरकार स्तरबाट मेडिकल कलेज संचालन गर्ने प्रयास अनुकरणीय छ । महिला तथा पछाडि परेका वर्गको समग्र उत्थान सशक्तिकरण,

लैंगिक समानता हासिल गर्ने कार्यक्रम संचालनमा जोड दिइने । बालबालिका, जेष्ठ नागरिक तथा अपांगता भएका नागरिकको अधिकारको संरक्षणलाई प्राथमिकतामा राखिएको छ । अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, लैंगिक हिंसा तथा मानव बेचविखनबाट प्रभावित घरपरिवारबाट त्यागिएका व्यक्ति, सडक आश्रित मानव लैंगिक तथा यौनिक अल्पसंख्याक, आपतकालीन अवास्थाका, जोखिममा परेका व्यक्ति उत्पीडन समुदाय, श्रमिक महिला, बालबालिका लगायतको सशक्तिकरणको लागि क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिने प्रयास प्रशंसनीय छ ।

बालबालिकालाई स्वास्थ्य सेवा सहज प्रभावकारीबाट उपलव्ध गराउन प्रदेश स्तरमा बाल अस्पतालको सम्भाव्यताको अध्ययन, गण्डकी प्रदेशमा क्यान्सर अस्पताल स्थापना र मृगौला प्रत्यारोपण केन्द्र स्थापनाको सम्भाव्यता अध्ययनलाई प्राथमिकता राखुले सरकारको विषयमा, सरकार यो विषयमा कति गम्भिर छ भन्ने प्रष्ट हुन्छ माननीय सभामुख महोदय । भौतिक पूर्वाधार विकासको पहिलो सर्त हो। यसकारण यसमा कसैको विमती छैन । अहिले मुलुकमा संघीयता कार्यान्वयनमा आएसँगै तीन तहका सरकारको लगानी भौतिक पूर्वाधारमा झनै बढेको छ । यसको नकारात्मक असर सामाजिक क्षेत्रमा पर्ने सम्भावना बढीरहन्छ र त्यो संकेत देखिसकेको छ । सहस्रताव्दी विकास लक्ष्यमा नेपालले सामाजिक क्षेत्रमा उत्कृष्ट भएर अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेकोमा अहिले त्यो क्षेत्र केही ओझेलमा परेको छ । सो सामाजिक क्षेत्रमा गरिएको लगानीले आजको भोलि नै प्रतिफल दिदैन । महिला बालबालिका र अन्य यस्तै क्षेत्रमा गरिएको लगानीले प्रतिफल प्राप्त गर्न अलि समय लाग्छ तर त्यो प्रतिफल दिगो र प्रभावकारी हुन्छ ।

मैले यो प्रसंग किन उठाएको हो भने, पूर्वाधारको साथमा सामाजिक क्षेत्रमा समेत लगानी बढाउन सरकार हिचकिचाउनु हुँदैन माननीय अर्थमन्त्रीज्यूले सभामा प्रस्तुत गर्नुभएको सिद्धान्त र प्राथमिकताले सामाजिक विकासको क्षेत्रलाई महत्व दिएको छ। यसले बजेटमा पनि निरन्तरता पाउने छ भनेर मैले विश्वास लिएको छु । बजेटका वितरणमा समन्यायिक, समावेशी र सह—सहस्वीकार्य आउने छ भन्ने पनि मलाई

विश्वास छ र अन्त्यमा बजेटको सिद्धान्त र प्राथमिकतामा म र मेरो दलको पूर्ण समर्थन जनाउँदै यसमा छुटेका विषयमा घनिभुत छलफल गरी पारित गर्न माननीयज्यूहरुको साथ र सहयोग रहने विश्वासका साथ मेरो भनाई अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विनोद के.सी. लाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री राम शरण बस्नेत ।

**माननीय विनोद के.सी.**

माननीय सभामुख महोदय, आज हामी यो विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकतामा गण्डकी प्रदेश सभामा आज छलफल गर्दैछौं । सर्वप्रथम त यो सिद्धान्त र प्राथमिकतामा माननीय अर्थमन्त्रीज्यूले ८७ पेजको पृष्ठमा धेरै मेहेनत गरेर जनताका आवश्यकता र जनताको मागलाई संवोधन गर्ने गरी धेरै मेहेनत गरेर ल्याउनु भएको छ । यो सकारात्मक मैले मान्दछु । यसमा विशेषगरी, हिजोको पहिलो सरकार गण्डकी प्रदेशको पहिलो सरकार हुँदै अहिले यहाँ आउँदै गर्दा हामी सँगसँगै दुईवटै सरकारमा सँगसँगै छौं र अहिले यहाँ आउँदै गर्दा पनि पहिलो सरकारका निरन्तरतालाई अहिले प्राथमिकतामा राखेको मैले महसुस गरेको छु । त्यो सह्राहनीय छ ।

विगतको कामलाई केही त्यस्ता नविनताहरु थप्ने प्रयास नगरेको होइन, त्यसमा पनि त्यस्ता केही केही नविनता थप्ने प्रयास गरेको छ । विशेष गरि यसले जनताका आवश्यकताका कुराहरु, शिक्षाको क्षेत्र, खानेपानीको क्षेत्र, सिँचाईको क्षेत्र यावत धेरै कुराहरुलाई समेट्ने प्रयास गरेको छ । तथापि यो बजेट पूर्णमा रुपले आउँदाखेरी त्यसमा यो सिद्धान्त र प्राथमिकतामा के कति विभेद भयो ? के कति फरक रह्यो ? त्यसमा हामीले अझ समीक्षा गरौंला तर यतिबेला, यो जुन सिद्धान्त र प्राथमिकता जसरी आएको छ, यो अहिलेको आवश्यकता अनुसार आएको छ भन्ने मलाई लाग्छ।

यसमा केही त्यस्ता मलाई लागेको कुराहरु केही थप्ने मेरो सुझावको रुपमा मैले के चाहन्छु भने, अलि पछिल्लो पटक प्रदेश सरकारले आफूले गर्न खोजेका कामहरुमा राजश्व उठाउने कुराहरु अलिकति अर्थमन्त्रीज्यूले त्यहाँ मेहेनत गर्न खोजनुभएको देखिन्छ ।

अझ अलि बढी आर्थिकलाई आत्मनिर्भर बनाउनेतिर, यो जग्गा चक्लावन्दीकोलाई र जग्गा किनबेचलाई एउटा आधार मानेर आर्थिक आर्जन गर्ने प्रदेश सरकारलाई भनेको देखिन्छ, त्यसमा अझै त्यस्ता उपायहरु छन् भने त्यसमा खोजि गर्नुपर्छ र प्रदेशलाई आफ्नै आत्मनिर्भरतिर आफ्नै बजेट बनाउनेतिर संघको बजेट मात्र आउने होइन कि, आफ्नै बजेट आउनु पर्छ भन्ने तिर हामीले बढि ध्यान दिनुपर्छ भन्ने लाग्छ त्यसमा मजबुत गराउनेतिर अर्थमन्त्रीज्यूको ध्यान पुगेकै छ । त्यसमा अझ विशेषगरी यो आर्थिकको जुन परिचालनमा उहाँले कम्प्लेन गर्नुभएको छ, यसलाई बजेटलाई म समानुपातिक खालको विनियोजित गर्छु, पारदर्शी गर्छु, मितव्ययिता बनाउँछु भन्ने जुन कमिटमेन्ट छ यो अर्थमन्त्रीको यो कमिटमेन्ट राम्रो छ र यसलाई कार्यान्वयनमा पनि अगाडि यसरी नै जाओस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु ।

धेरै कुराहरु छन् यसमा तथापि यसले आफ्ना स्रोत साधनमा रहेका खनिजहरु, उद्योगहरुलाई व्यवस्थापन गर्ने, खनिजहरुलाई पनि उत्खनन् गर्ने जस्ता कुराहरुमा ध्यान दिएको छ तर मेरो मान्यता के भने खनिजहरुमा पनि कुन त्यस्तो ठाउँ हो त त्यस्लाई तत्काल प्रदेश सरकारले खन्न सक्ने र त्यस्ता कुरालाई बजारमा ल्याउन सक्ने र त्यसता कुरामा एउटा किटान गरेर ल्याउँदा त्यसले राम्रो पाउँथ्यो जस्तो मलाई लाग्छ जस्तो मैले अघिल्लो सरकारलाई बारम्बार त्यस्ता मेरै आफ्नो गाउँपालिकामा एउटा ठूलो खरीखानी उद्योग छ, त्यहाँ हामी यो गण्डकी प्रदेश सरकार बन्नु भन्दा पहिला एउटा इण्डियन नागरिक आएर त्यो खनिजलाई डोजरका डोजर ४—५ सय डोजर ल्याएर खरीलाई उत्खनन् गर्यो र हामी स्थानीय सरकारले त्यसलाई रोक्ने धेरै नै प्रयत्न गरें त्यो खनिजलाई गण्डकी प्रदेश सरकारले केही पनि गरेन, डोजर लगाएर त्यो मेटेरियल लिएर एउटा बजारमा ल्याउन सके, त्यसले धेरै

काम गर्न सकिन्छ, त्यसलाई हामीले छिटो थोरै लगानी गरेर छिटो प्रतिफल ल्याउन सकिन्थ्यो त्यो ठाउँमा हामीले त्यहाँ निर ध्यान दिए हुन्थ्यो भन्ने सुझाब दिएको छ। यो खनिज भित्र पनि हामीले गर्न सकिने धेरै कुरा छ जस्तो लाग्छ। यसले विशेष गरी यो एक निर्वाचन क्षेत्र सडकलाई अलि निरन्तरता दिने र त्यसलाई छिटै टुंग्याउने खालको आशय व्यक्त गर्दै यो वास्तवमा पहिलो सरकारले ल्याएको यो राम्रो कार्यक्रमम थियो ।

त्यो कार्यक्रमलाई हामीले यो विभिन्न असहज परिस्थिति भयो, त्यो असहज परिस्थितिमा यो प्रदेश सरकारले त्यति गति दिन नसके तापनि यो कोभिडको कारणले धेरै अप्ठ्यारो परे तापनि त्यसमा अब अलि एउटा रुप दिनुपर्छ । कृषि सडक फेरी निर्माण गर्ने भन्ने खालको छ, यो पनि राम्रो छ । विशेषगरी, अहिले पछिल्लो पटक मेरो सुझाव के हो भने, अहिले यो पछिल्लो पटक आउँदै गर्दा अहिले हाम्रो सबभन्दा चुनौति देखिएको यो महंगाई जुन वृद्धि छ, यो महंगाई वृद्धितिर पनि प्रदेश सरकारको विशेष गरी यो महंगाई वृद्धिले आम जनतालाई पर्न गएको असुविधा र आम जनताको आयस्तरमा परेको अप्ठ्यारा कुराहरुमा विशेष ध्यान दिने र यसले जनतालाई के त्यस्ता कुराहरु ल्याउन सकिन्छ र त्यसलाई पनि यो मंहगी वृद्धिलाई रोक्न पनी हामीले के कस्ता कार्य गर्नसकिन्छ ? त्यसलाई पनि यो नीति तथा कार्याक्रममा प्राथामिकतामा पारदिन पाए त्यसले केही गर्छ जस्तो मलाई लाग्छ।

बजेटमा त्यस्ता कार्यक्रम ल्याउन पाए केहि हुन्थ्यो भन्ने लाग्छ। विशेषगरी यो पूर्वाधारको क्षेत्रमा अलि बढी मेहेनत गरेको देखिन्छ । विगतमा हामी पहिलो वर्ष हेर्यो भने सरकारलाई म सुझाव गराउन चाहन्छु, पहिलो बर्ष हेर्यौं भने यहाँतक आउँदै गर्दा हिन्दीमा एउटा उखान छ, "खोदा पहाड निकला चुहा" भने जस्तो हामी ठूल्ठूला कुराहरु गर्यौं, धेरै कुराहरु गर्यौं तर अहिले आउँदाखेरी त्यो हामी समीक्षा गर्दा त्यसको हामी ५ प्रतिशत, १० प्रतिशतमा पनि पुगेको छैनौं । मैले मेरै निर्वाचन क्षेत्रमा एउटा पुलको रुपमा भनेर मैले एउटै मात्रै पुल भनेर मैले पहिलो सरकारलाई अनुरोध गरेको थिएँ, त्यो दोस्रो सरकारमा आउँदा त्यो बजेटमा पर्यो तर

मैले अस्ति हिजोतक मात्रै जाँदा पनि त्यो पुलको के भयो भनेर मन्त्रालयको सचिव, मन्त्रीज्यूसँग भन्दा अझै पनि डिपीआरको रुपमा पूर्ण रुपले नआएको खालको प्रतिक्रिया आउँछ ।

यसले के हुन्छ भने हामी ठूल्ठूला योजनाहरु, धेरै धेरै कार्यक्रमहरु लञ्च गर्ने तर हामीले लिएका भएका कार्यक्रमहरुलाई लिएर आउँदा हामीले पूर्ण रुपमा नपाउँदै गर्दा, हामी जनप्रतिनिधि प्रतिको विश्वसनियता, हामी प्रति जनताहरुले देखाएको भरोसा र सरकारप्रति हामीले दिएको सुझावमा केही त्यस्तो आउन सक्ने हुनाले हामीले विगतमा बनाएको योजनालाई कति कार्यान्वयन गरेयौं, कति त्यो ठाउँमा पुग्यौ ? भन्नेतिर नै सरकारले ध्यान दिन म अनुरोध र अपिल गर्न चाहन्छु । अन्तमा जुन यो खालको कार्यक्रमहरु ल्याएको छ, यो कार्यक्रम असाध्यै मेहेनतका साथ र असाध्यै यो जनताहरुको आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यका साथ लिएको छ ।

यसै उद्देश्य जसरी आएको छ बजेटमा पनि त्यसरी नै आउनेछ भन्दै शुभेच्छा प्रकट गर्दै यो सिद्धान्त र प्राथमिकतामा म र मेरो दलको पूर्ण सहमत रहेको छ भन्दै मेरो भनाइ अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री रामशरण बस्नेतलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडी।

**माननीय सदस्य श्री रामशरण बस्नेत**

सभामुख महोदय, लोकतन्त्रमा सरकार अविछिन्न उत्तराधिकार हुन्छ । अघिल्लो सरकारले ल्याएका कार्यक्रमहरुलाई निरन्तरता पछिल्लो सरकारले दिने हो । यदि नदिने हो भने तर्क तथ्यका आधारमा पछिल्लो सरकाले पुष्टि गर्नुपर्छ । जेहोस्, अहिलेको सरकारले अघिल्लो सरकारले गरेका कतिपय योजनाहरुलाई निरन्तरता दिएको छ, जस्तै एक घर एक धारा, १ निर्वाचन क्षेत्र १ सडक, स्थानीय तह जोड्ने सडकहरु, एक पालिका एक खेलमैदान जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिएर यो

जुन सिद्धान्त र प्राथमिकता आएको छ, म सरकारका माननीय अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । सबभन्दा पहिला त, म सभामुख मार्फत् सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । हामीले गण्डकी प्रदेश सभाले एउटा संसदीय जुन अनुगमन समिति बनायो, त्यो अनुगमन समितिले प्रतिवेदन पेश गर्यो, सरकारलाई, सदनलाई जानकारी गराउन हामीले जुन दिन प्रतिवेदन बुझाएका थियौं, त्यो दिनमै भन्यौं तर सरकारले अहिलेसम्म प्रतिवेदनमा औंल्याएका कामहरु त्यो के कति भए ? त्यो अहिलेसम्म सदनलाई जानकारी नगराउनु, सदन प्रतिको अपमान हो भन्ने मैले सोचेको छु र म सबभन्दा पहिला त जोडदार रुपमा सरकारसँग  माग गर्न चाहन्छु। त्यो प्रतिवेदनको यथार्थ रिपोर्ट सदनलाई जानकारी गराइयोस् ।

अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको सिद्धान्त र प्राथमिकताका बारेमा मैले केही भन्नु नै छैन किनभने सरकार स्वयं आफै अनभिज्ञ छ जस्तो म आफूलाई लाग्यो । किनभने आफ्नो अधिकार क्षेत्र के हो ? त्यो जानकारी छैन, अँध्याराको जंघार तर्ने होइन सरकार संचालन गर्ने भनेको। सरकारका लक्ष्यहरु हुन्छन्, बाटाहरु हुन्छन्, प्राथमिकता हुन्छ र अधिकार क्षेत्र प्रष्ट भइसकेपछि मात्र हामी गन्तव्यमा पुग्न सक्छौं। त्यसो भएको कारणले आफ्नो अधिकार क्षेत्र के हो ? त्यो सबभन्दा पहिला पहिचान गर्न जरुरत छ । जस्तै भन्सार स्थापना गर्ने, बुढीगण्डकी जलाशय बनाउने, उत्तरगंगा जलाशय बनाउने मात्रै होइन ।

मुख्यमन्त्रीज्यूले अस्ति भाषणमा समेत भन्नुभयो कि, गोरखकाली रवर उद्योगको समेत कुरा गर्नुभयो । कुन अनुसूचीमा पर्छ प्रदेश सरकारको यी योजनाहरु ? त्यसो भएको कारणले सरकार अस्पष्ट भयो भने गन्तव्यमा पुग्न सकिदैन, गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउन सकिदैन । जनताका समस्याहरुलाई समाधान गर्न सकिदैन  त्यसो भएको कारणले मलाई लाग्छ, अहिले जुन सरकारले एउटा सिद्धान्त र प्राथामिकता ल्यायो, कतिपय माननीयज्यूहरुले प्रशंसा पनि गर्नु हुन्छ होला, ठीक होला तर आफ्ना अधिकार क्षेत्रमा रहेर यो यो गर्छु भन्ने हो भने लक्ष्यमा पुग्न सकिन्छ, समृद्ध गण्डकी प्रदेश बनाउन सकिन्छ । यो बारेमा सरकारको ध्यान जाओस् म त्यो अनुरोध गर्न

चाहन्छु । अर्को कुरा नेपालको अर्थतन्त्रको बारेमा मैले भनिरहनु पर्दैन, किनभने मुलुकको अथतन्त्र गम्भिर अवस्थामा पुगेको छ । सरकारले धेरै कामहरु गर्नु पर्नेछ गण्डकी प्रदेशमा । अहिले पनि हामीलाई थाहा छ, २—२ वटा गा.पा. हरुमा मोटरबाटो पुगेको छैन, कच्ची बाटो पुगेको छैन, ट्र्याक खोलिएको छैन, आज सरकारले ल्याएको सिद्धान्त र प्राथमिकतामा के हुन्छ ? के भनिराखेको छ ? जहाँ जग्गा धेरै विक्री हुन्छ, त्यहाँ घडेरीहरुमा पिच गर्ने कार्यक्रम ल्याउँछ के सरकारको गन्तव्य कतातिर ? ठूला जग्गा व्यापारीहरुतिर इंकित भइराखेको छ कि गन्तव्य कता गइरहेको छ ?

साना झुपडी, एकदम विकट वस्ती र क्षेत्रतिर विकास निर्माण गर्नु पर्छ भन्ने चिन्तन यो सरकारको छ कि छैन ? यसले प्रष्ट गर्छ कि, यो सरकार कसको प्रतिनिधित्व गर्दैछ? त्यसो भएको कारणले हामीले के उद्देश्यका साथ ल्यायौं? आज घडेरी कहाँ विक्री भइरहेको छ ? मुलुकको अर्थतन्त्र यस्तो छ, आज घडेरी किन्न पैसा पाइरहेका छैनन् मान्छेहरुले, बैंकमा लोन आउँदैन, व्यवसायी गर्नका निम्ति लोन पैदा भइराखेको छैन, के सोचका साथ यस्ता कार्यक्रमहरु सरकारले ल्याइरहेको छ ? यसले के पुष्टि गर्छ भने, ठूला धनाढ्यहरुको वकालत गर्छ, धनाढ्याहरुको जग्गालाई अझ महंगो बनाउने सोच अगाडि सारेको छ, त्यहाँबाट राजश्व संकलन गर्ने भनेर एउटा शब्द राखेर राजश्व संकलन त्यहाँबाट हुदैंन र दुर्गम क्षेत्र वस्तीहरुमा समान रुपमा विकास निर्माण गर्ने सोचतिर सरकार लाग्नपर्छ म यो अनुरोध गर्न चाहन्छु । तपाईहरुले जुन एउटा सिद्धान्त गर्नुभएको छ जुन प्राथमिकता तोक्नुभएको छ यो सरासर गलत छ म भन्नेे म आँफुलाई लाग्छ। अर्को कुरा सडकको नाम परिवर्तन भएछ म जेहोस् यो जुन सिद्धान्त र प्राथमिकतमा सबभन्दा विकट वस्ती लार्के, पहिला रुइलाको कुरा थियो बाटोको, अहिले गोरखा लार्के तिव्वत भएछ त्यो बाटो ।

पहिला पनि मुख्यमन्त्रीज्यूले भाषण गर्नुभयो, यो मेरो निर्वाचन क्षेत्रको कुरा हो, कसैको निर्वाचन क्षेत्रको कुरा आएन, मेरो आयो, गर्व नै मानेको छु मैले, किनभने मुख्यमन्त्रीज्यूले भाषण गर्नुभयो, रुइला नाका खोल्ने भन्ने । नीति कार्यक्रममा पनि

आयो, सबै आयो, बजेट चाहिँ कति आयो भन्दा सून्य आयो । अहिले सिद्धान्त र प्राथमिकतामै परेको, सायद अहिले पनि मिठो कुरा गरेर सून्य गर्ने हो भने मिठो कुरा गर्न जरुरत छैन । उत्तरी क्षेत्र, विकट क्षेत्र र वस्तीहरुमा तपाईंहरुका ध्यान पुगोस् र यो तपाईंहरुले जुन कुरा उठाइरहनु भएको कुरा छ यसले सार्थकता पाओस् म यो कुरा राख्न चाहन्छु । आज धेरै राम्रा कुराहरु अघिल्लो सरकारको तपाईंहरुले छुटाउनु भएको छ, एउटा सुत्केरी आमा र बच्चालाई एयर लिफ्टिङबाट उद्धार गर्ने कार्यक्रम कहाँ राख्नुभयो ?यो जरुरत छैन ?

यो आवश्यकता नभएर राख्नुभएको हो तपाईंहरुले? के आवश्यकतै भएन ? अघिल्लो सरकारले ल्याएको भएर पूर्वाग्रही तरिकाले यो तपाईंहरुले अगाडि सार्नु भएको हो कि के हो ? राम्रा कुराहरु धेरै छन्, राम्रा कुराहरु अब बजेट बनाउँदा ध्यान दिनुपर्छ । तपाईंहरुले ल्याएको सिद्धान्त र प्राथमिकताको कुरामा हाम्रा श्रद्धेय नेताले आफ्ना कुराहरु अभिव्यक्तिहरु राखिसक्नुभएको छ, म धेरै त्यतातिर जान चाहान्न किनभने हामी सबैको दायित्व यो प्रदेश बनाउने दायित्व हो ।

त्यसो भएको कारणले तपाईंहरुले ध्यान दिनु जरुरत छ। हामीसँग साधन छैन, स्रोत कमी छ, सारा साधन र श्रोत कमि छ। जनताका आवश्यकताहरुमा केन्द्रित भएर यो सिद्धान्त र प्राथमिकता आएको छैन किनभने आफ्ना मान्छेहरुको पक्षपोषण कसरी गर्न सकिन्छ ? तपाईंहरुले नै भन्नुभएको छ, बजेट स्रोत साधन कम छ, अनि त्यसपछि राहतका कुराहरुलाई हामीले सहुलियतपूर्ण कुराहरु धेरै उठाइरहेका छौं । तपाईंहरु यही बसेर मलाई लाग्छ, पूर्वाधारको क्षेत्रमा, कृषिको क्षेत्रमा, शिक्षा, स्वास्थ्यको क्षेत्रमा तपाईंहरुले गर्नु पर्ने धेरै कामहरु छन् । आज प्राथमिकतामा अहिले तत्काल कोभिड फेरी नयाँ भाइरस आएको कुरा आइरहेको छ ।

स्वास्थ्यको क्षेत्रमा सवभन्दा ठूलो खर्च हुन सक्छ, त्यसो भएको कारणले गर्दा तापाईहरुले आज सबै जुन एउटा राहतका कुराहरुलाई अगाडि बढाइरहनु भएको छ, त्यतातिर उन्मुख हुनुभएको छ, त्यसले समग्र विकास निर्माण र सबै कुरालाई प्रभावित पार्न सक्छ यो बारेमा जुन प्राथमिकता दिइरहनुभएको छ । तपाईंहरुले यस्ता

कुराहरु ठिक छैनन् भन्ने कुरा म आफूलाई लाग्छ। हामलि कुरा उठायौं, धेरैपल्ट कुरा उठायौं सालबसाली योजनाहरु महत्वपुर्ण छन् भनेर हामीले बारम्बार भन्यौ, तर त्यतिखेर हामी सत्ताबाट बाहिरिएको, यिनीहरुले आक्रोशै पोखेका हुन् कि भन्ने सत्तामा बस्नेहरुलाई लाग्यो, सरकारमा बस्नेहरुलाई लाग्यो, सुन्नुभएन ? सम्झौता पनि भयो, सालवसाली योजनाहरु विगतकालाई निरन्तरता दिनुपर्छ भन्ने कुरा पनि हामीले उठायौं  तर सालबसाली योजनालाई अब प्राथमिकता दिने भन्नुभएको छ ।

प्राथमिकता दिने क्रममा पक्षपातपूर्ण व्यवहार गर्नु हुँदैन । सबै ठाउँका जनता हुन्, सबै राज्यले पाउने सुविधाहरु समान रुपमा वितरण हुनुपर्छ भन्ने कुरा सम्बन्धित निकायहरुले सोच्न जरुरत छ । त्यसो भएको कारणले गर्दा म तपाईंहरुलाई अनुरोध गर्न चाहन्छु । तपाईंहरुले धेरै राम्रा कुराहरु छुटाउनु भएको  छ , तैपनि विगतमा सरकारले गरेको केही कुराहरु तपाईंहरुले लिनुभएको छ । यसले के पुष्टि गर्छ भने, विगत सरकारले गरेको महत्वपूर्ण कुराहरु राम्रा छन्, तिनलाई निरन्तरता दिनुभएको छ । तपाईंहरुले पुष्टि नगरिकन जुन एयरलिफ्टिङ जस्ता कार्यक्रमहरु, महिलाका कुराहरु, उत्पादनका कुराहरु, शिक्षा, स्वास्थ्यको कुराहरु छुटाउनुभएको छ, तपाईंहरु गम्भिर हुनुहोस् र बजेट ठिक तरिकाले तपाईंहरुले पछिका दिनमा नीति कार्यक्रम आउँछ, बजेट आउँछ, त्यो हेरौंला, सिंङ्गो सरकारको त्यतिखेर पनि समीक्षा गारौंला । यति कुरा भन्दै तपाईंहरुले ल्याएको जुन नीति, सिद्धान्त र प्राथमिकता छ यसलाई सरसर्ती पढ्दाखेरी नयाँ नौलो र केही हुन्छ कि भन्ने आभास गर्न सकिदैन, तपाईंहरु स्वयं अन्यौलमा हुनुहुन्छ । यहि कुरा राख्दै मेरा आफ्ना भनाई यही टुंग्याउछु हस। धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछि माननीय सदस्य श्री दिलमाया रोका।

**माननीय प्रकाश चन्द्र दवाडी**

सभामुख महोदय, आज विनियोजन विधेयक २०७९ सिद्धान्त र प्राथमिकताको बारेमा छलफल गर्दैछौं । यहाँ सरकारले ल्याएको यो सधैं भन्ने गरेका थियौं, यो निलो किताव देख्दा आज मलाई अलिकति खुशी पनि लागेको छ । यो किताव आज धेरै कुराहरु समेटिएको पाएकोछु, यो समेटिएका कुराहरुमा प्रदेश सरकारबाट उच्च लगानी, उत्पादनमा आधारित अनुदान लगायतका धेरै राम्रा कुराहरु छन् । यसमा आज  हामी सरकामा रहने साथीहरुले यसलाई कार्यान्वयन गर्नु पर्ने जरुरी छ र कार्यान्वयन गर्दा यो राम्रै हुन्छ जस्तो अनुभूति भएको छ । आज यहाँ म गाउँमा मेरो क्षेत्रमा जाँदा धेरै ठाउँमा सञ्चारको माध्यम टेलिफोन लाग्दैन । यो १४ मा सूचना तथा सञ्चार विधेयक आएको छ ।

मैले के भन्न चाहैं भने यो विधेयकलाई यो हाम्रो प्राथमिकता सिद्धान्तमा बजेटमा पनि ल्याएर सबै ठाउँमा, सबै निर्वाचन क्षेत्रमा सञ्चारको माध्यम पूरा हुन्छ भन्ने मैले आशा गरेको छु । आज यहाँ हामी गाउँमा जान्छौं, सबै माननीयज्यूहरु जान्छौ हामी आफ्नो क्षेत्रमा, यहाँ बैंकिङ्ग कुराहरु आएको छ, नीजि क्षेत्र सहकारीको कुरा आएको छ, सहकारीको कुरा आउँदा मलाई खुशि लागेको छ तर एउटा मात्रै सभामुख मार्फत सरकारलाई के अनुरोध गर्न चाहे भने यहाँ नपुगेको जस्तो पनि छ त्यो के भने गाउँमा लघुवित्तले धेरैको घरबास उठाएको छ लघुवित्तलाई अलिकति परिमार्जित गर्न सरकारबाट निर्देशन दिनु पर्छ जस्तो, थप्न पर्छ जस्ता मलाई अनुभूति भएको छ । यो बैंकलाई अलिकति प्राथमिकता दिएर अगाडि बढाउन पर्छ कि जस्तो मलाई अनुभूति भएको छ तपाईंहरुलाई मैले यहाँलाई प्रष्ट पारैं ।

यहाँ यो एक घर एक धारा धेरै योजनाहरु सबै अगाडि बढेका छन् र मलाई एउटा यहाँ प्राथमिकतामा पनि कमसे कम एक घर एक करेशाबारी पनि अगाडि बढाउन पाएदेखि यहाँ छुटेको हो कि जस्तो अनुभूति भएको छ, सभामुख मार्फत म सरकारलाई विनम्र अनुरोध गर्न चाहैं । यहाँ पर्यटकको क्षेत्रमा, सीपमूलक क्षेत्र अभिवृद्धि, होमस्टे लगायतका योजनाहरु आएका छन् बजेटमा अवश्य नै यसको

संवोधन हुनेछ मलाई विश्वास छ । यहाँ आएको हाम्रो सिद्धान्त र प्राथमिकतामा कहिले पनि यो किताव ३ वर्ष पहिला हेरियो, त्यो किताबमा के थियो भने प्राथमिकता आउँथ्यो तर कार्यान्वयन भएको थिएन, कस्तो कार्यान्वयन भएको अनुभूति भएको छ भने, पहिला मैले यहाँ सुने अघि एउटै आफ्नै ठाउँमा पक्की पुल पनि, आफ्नै ठाउँमा झोलुंगे पुल पनि, यहाँ अनुभूति भएको छ, त्यो धेरै ठाउँमा भएको छ तर कसरी भयो? पहिला सरकारमा बस्ने साथीहरुले कसरी गरे ? त्यो नगरिकन हामी यो सरकारले जनतालाई, पब्लिकलाई धेरै फाइदा हुने काम हुन्छ जस्तो अनुभूति भएको छ, यो होस् भन्न पनि म चाहन्छु ।

महिला दिदीबहिनीहरु पिछडिएको वर्ग लगायतका कुराहरु छन् प्राथमिकतामा । अब यहाँ मलाई एउटा अनुभूति भएको छ, पहिलाको सरकार र अहिलेको सरकारमा धेरै फरक भएको छैन भन्नुभयो साथीहरुले, तर एउटा मात्रै के भन्न चाहेँ भने, पहिलाको सरकार र अहिलेको सरकार भर्खरै यो सरकार त अघिल्लो बजेटमा झण्डै झण्डै यो किताव ल्याउन नपाउने जस्तो भएको थियो हामीलाई ल्याइयो, अब त राम्रै हुन्छ जस्तो लागेको छ यो वर्ष । पहिला पनि भयो, अब पनि हुन्छ यो किताव हेरेर । यो सिद्धान्त र प्राथमिकताको आधारमा अगाडि बढ्ने छ । यी कुराहरुलाई र यो सम्पूर्ण प्राथमिकता र सिद्धान्तलाई पूर्ण रुपमा हाम्रो दल र म लगायत पूर्ण समर्थन गर्दौं मेरो भनाई यहीँ अन्त गर्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री दिलमाया रोका मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछी माननीय सदस्य श्री विकास लम्साल।

**माननीय दिलमाया रोका मगर**

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकतामाथि हामी छलफलका क्रममा रहेका छौं । यस सम्मानित सदनमा हाम्रा माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको विनियोजक विधेयक २०७९ सिद्धान्त

र प्राथमिकता माथि मैले आफ्नो भनाई राख्दै गर्दा मलाई लाग्छ सिद्धान्त र प्राथमिकता आफैमा एउटा रणनीति हो, हामीले रणनीति तय गर्दा हामी जुन ठाउँमा अवस्थित छौं । यहाँको भौगोलिक, सामाजिक, आर्थिक, राजनैतिक र हरेक अवस्थाहरुको अध्ययन गरी दुरगामी महत्व राख्नेगरी गर्नुपर्दछ र अन्तत गण्डकी प्रदेशको समग्र विकास र समृद्धिको रणनीति, सिद्धान्त र प्राथमिकता भएको हुँदा यसमा प्रस्तुत जुन विनियोजन विधेयक २०७९ मा सरसर्ती हेर्दा अहिलेको अवस्थामा विषयवस्तुहरु सबै समेटिएका छन् । गण्डकी प्रदेशको समग्र विकासको रणनीति तय भएको छ, यो कितावमा जे जति कुराहरु समेटिएका छन् यसको पूर्णता नीति तथा कार्यक्रमको बजेटसम्म आउँदा पाउने छ भन्ने मैले विश्वास लिएको छु ।

सभामुख महोदय,जुन प्रणालीबाट हामी यहाँ आयौं, यो व्यवस्था र प्रणाली परिवर्तन गर्यौं, संविधानमा सबै अधिकारहरु लेख्यौं तर त्यसको कार्यान्वयन पक्ष फितलो हुँदा संघ, प्रदेश र स्थानीय तह सम्बन्धी गरिएको व्यवस्था कार्यान्वयन नहुँदा प्रदेश सरकारले लिएको योजना, लक्ष्य, उद्देश्य, दिगो विकासका लक्ष्य यही अवस्थाबाट हामीले कहिलेसम्म पूरा गर्न सक्छौ ? यसकारण संविधानमा लोखिएका अधिकारको बाँडफाँड र कार्यान्वयन, त्यस्तैगरी हाम्रो आन्तरिक स्रोत र साधनको व्यवस्थापन मुख्य कुरा हो जस्तो मलाई लाग्छ । हामीले पटक पटक भन्ने गर्छौं परिर्वतन र समृद्धिको कुरा, परिर्वतन र समृद्धी अब नीतिमा हैन हामीले व्यवहार र परिणाममा खोज्नु पर्ने भएको छ। परिणाम र व्यवहारमा हामीले देखाउनु पर्ने अवस्था आएको छ ।

जहिलेसम्म हामीले धनी र गरीव बीचको दूरी अन्त्य गर्न सक्दैनौं तबसम्म समृद्धि असम्भव छ जस्तो मलाई लाग्छ । यसकारण हामीले लिने हरेक नीति सही हुँदाहुँदै कार्यान्वयन पक्ष्मा हुने विविध समस्या र कारणले हाम्रा सबै कामहरु ओझेलमा पर्ने गरेका छन् । अबका दिनमा सबैको पहुँचसम्म पुग्ने गरी शिक्षा र स्वास्थ्यको व्यवस्थापन पनि एउटा प्रमुख आवश्यकता हो जस्तो मलाई लाग्छ । यसमा हाम्रो गण्डकी प्रदेश सरकारको ध्यान जान जरुरी छ, जसले पछाडि पारिएका महिला गरीव,

दलित र भौगोलिक रुपमा पछाडि पारिएका हरेक क्षेत्रको समस्याको संम्वोधन हुनेछ। मान्छेमा हुने चेतनास्तरले हामीले गर्ने हरेक विकासका कामहरुले सार्थकता पाउने छ भन्ने कुरा पनि मैले विश्वास लिएको छु । यसकारण मुख्य कुरा कार्यान्वयन र परिणाम हो । हामीले लिने नीति र रणनीति, सिद्धान्त र प्राथमिकताहरु जुन खालका छन्, तिनलाई कार्यान्वयन गर्ने कुरा नै प्रमुख हो र यसकारण अहिलेको अवस्थामा जुन विषयवस्तु समेटिएर हाम्रो यो विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकताहरु यहाँ प्रस्तुत भएका छन् । यसको पूर्ण कार्यान्वयन हुनेछ र व्यवहार र परिणाममा हामीले यसको सफलता पाउनेछौं भन्दै यो विनियोजन विधेयक २०७९ माथिको सिद्धान्त र प्राथमिकता माथी मेरो दलको पूर्ण समर्थन रहेका जानकारी गाराउँदै बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री ललितकला गुरुङ।

**माननीय विकास लम्साल**

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७९ सिद्धान्त र प्राथमिकतामा छलफलमा सहभागी हुन चाहान्छु । यो सिद्धान्त र प्राथमिकता भनेर जुन हिजो हाम्रो अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभयो । यो सिद्धान्त र प्राथामिकता भन्दा पनि यो नीति जस्तो देखिन्छ यो । यति धेरै कुरा सिद्धान्त र प्राथमिकता हुन सक्छन् कि सक्दैनन् यो हिजो पढेको सुन्दाखेरी र यो लगेर पढ्दाखेरी यो अत्यन्तै निरस, यो अत्यन्तै पट्यार लाग्दो र झारा टार्ने, ल्याउनै पर्ने भएर ल्याएको जस्तो, यसमा हुन्छ नि यस्तो यसमा एउटा नविन सोच देखिदैन ।

तपाईले यो जुन ल्याइएको छ यो कृयाकलापहरु यसमा राख्नपर्ने यसमा जरुरत थिएन। अब यो के छ भने सिद्धान्त भनेको के हो ? त्यो निचोड कुरा हो, त्यो मान्ने मत हो, त्या सार तत्व हो, त्यो थ्योउरी हो र म यो सरकारलाई म भन्न चाहन्छु, तपाई

कुन सिद्धान्तमा जान चाहनु हुन्छ ? तपाईं समाजवादी सिद्धान्तमा जान चाहनु हुन्छ कि, तपाई नव आर्थिक उदारवादी सिद्धान्तमा जान चाहनु हुन्छ ? यो एकदम अलमलमा छ । यसले संविधानले एउटा समाजवाद उन्मुख अर्थतन्त्रमा हामी अगाडि बढ्नेछौं भनेको छ तर त्यो राख्न पनि खोजेको छ तर यसमा पछि जे कुरा राखिएको छ प्रायोरोटीमा ती हेर्दाखेरी तपाईं त्यो समाजवाद उन्मुख कार्यक्रममा जाने यो सिद्धान्त र प्राथमिकतामा देखिदैन ।

यो कस्तो भयो भने, अर्थ न वर्थ गोविन्द गाई अब टाउको दुखेको औषधी कता कता लाई भनेजस्तो अब यो कस्तो भने यो देखिन्छ अब यो यसले के हुन्छ भने तपाईंले हिजोको सरकारले ल्याएका कार्याक्रमहरु तपाईंले हेर्नुहोस् सुखी नेपाली र समृद्ध नेपाल यो तरिकाबाट बन्न सक्छ कि सक्दैन ? समृद्ध प्रदेश र सुखी प्रदेश तपाईंले बनाउन सक्नुहुन्छ कि सक्नुहुन्न ? तपाईंले हेर्नुहोस् त हिजो प्रदेशका गौरव आयोजनाहरु तपाईंहरुले हेर्नुहोस् त । तपाईंहरुले सबै हिजोको सरकारले गरेका कुराको निरन्तरता दिन्छु भनेर एक शब्दमा राख्नुभएको छ, संविधानलाई कार्यान्वयन गर्छु भनेर राख्नुभएको छ, तर त्यहाँभित्र राखेका ८७ वटा बुँदामा हेर्नुभयो भने त्यो मेल खाँदैन । हिजो हामीले प्रदेश गौरवका भनेर २३ वटा आयोजनाहरु अगाडि सारेका थियौं । औद्योगिक क्षेत्रको बारेमा, प्राविधिक प्रतिष्ठानको बारेमा, गण्डकी विश्वविद्यालयको बारेमा, उच्च स्तरीय खेलकुद तालिम केन्द्रको बारेमा, माथि हिमालमा बनाउने खेलकुद स्टेडियमको बारेमा, घरवास होमस्टेको बारेमा, फेवातालको सौन्दर्यकरण गर्ने कुरामा, अहिले हेर्नुहोस् अब नयाँ एयरपोर्ट बन्दैछ अब पोखराले एउटा नयाँ कुरा माग गरिरहेको छ, गण्डकी प्रदेशले नयाँ कुरा माग गरिराखेको छ, अब हाम्रा पर्यटकहरु एयरपोर्टमा झर्छन, ती पर्यटकलाई लेकसाईडसम्म ल्याउनको लागि यो सरकारले स्थानीय तह र प्रदेश सरकारले गर्ने योजना तपाईंसँग के छ ?

हामीले कमसे कम एयरपोर्टबाट लेकसाईडसम्म आउने बाटो पनि बनाउन हामीसँग कुनै योजना छैन, कुनै स्रोत छैन । तपांईले के के अब चीनतिर खोल्ने बाटो चाहिँ यसमा राख्नुभएको छ, काली बुढीगण्डकी यी विभिन्न कुराहरु राख्नुभएको छ ।

आफूले गर्ने प्रायरोटी के हो ? काम के हो ? त्यसमा हामीले ध्यान दिन सकेनौं कि? त्यसले गर्दा के भयो भने यसरी हिजोको सरकारले व्यवस्थित जग हालेको छ, तपाईंले त्यसैमा बरु एउटा काम गर्नुहोस्, रिजल्ट निकाल्नुहोस्, त्यसको जस यो सरकारले पाउँछ । अब यो सरकारको वनोट हेर्दाखेरी पनि अब यहाँ तानातान जस्तो देखिन्छ। यसमा तपाईंहरुले जे कुराहरु ल्याउनुभएको छ, यसले गण्डकी प्रदेशलाई यो भन्दा ठूलो धोका, अब हामी हिजो सरकार संचालन गरेर हेर्यौं, हिजो सरकारले चाहँदैमा कस्तो छ भने अहिले जुन कानुन बनाइएको छ, संरचना बनाइएको छ, त्यसले रिजल्ट आउने बेला छ यो ५ वर्षको सरकार हो ।

तपाईंले त्यसमा ध्यान दिनुभएको छैन । मैले यहाँ हेरें यो ३६ नं. मा तपाइंहरुले होमस्टेको बारेमा कार्यविधि बनाउने । कार्यविधि पनि बनेको छ, होमस्टेको दर्पण पनि बनेको छ, होमस्टे ३०७ वटा छन् तर त्यसलाई ग्रेडिङ गरेर, त्यहाँ उत्पादन बढाउने कुरा तपाईंले गर्नुहोस् न, त्यहाँ पैसा थप्नुहोस् न, फेरी पनि कार्यविधि बनाउने भनेर लेख्नुभएको छ, कागजै बनाउने, त्यहीँ राख्ने अनि त्यसैले दिन काट्ने मेसो हो कि, जनतालाई परिवर्तन दिने हो ? हेर्नुहोस् त म हाम्रो माननीय अर्थमन्त्रीज्यू हिजो मेरो अनन्य मित्र । हिजो जनताको परिवर्तनको निम्ति घर छोडेर हिँडेको मैले त्यो बेलामा पनि उहाँलाई भेटेको थिएँ, आज तपाईं कहाँ हुनुहुन्छ ? तपाँको धमनीमा, तपाईंको मुटुमा त्यो जनता प्रतिको केही जिवित छ कि छैन अब ? कि तपाईं अहिले जुन सरकारसँग सामेल हुनुभएको छ त्यहीँ तपाईं चुर्लुम्म डुबिसक्नुभयो ? कमसे कम जनता प्रति जवाफदेही बनौंन, कमसे कम तपाईंले गरेका कामहरुको रिजल्ट निकालौं न । त्यसले हेर्नुहोस् त, मैले एउटा उदाहरण दिन चाहन्छु, हामीले हिजो ताल प्राधिकरणको विधेयक ल्यायौं ।

तपाईंले पानीको जगेर्ना गर्न सक्यो भने त्यसले समृद्धी हासिल गर्न सक्छ, वहुउपयोग हुन सक्छ, त्यसले पर्यटनलाई योगदान गर्छ, त्यसले रिचार्जलाई पनि संरक्षण गर्न सक्छ, त्यसले वातावरणलाई पनि संरक्षण गर्न सक्छ । तपाईंले ताल प्राधिकरणको बारेमा यहाँ लेखिएको छ प्रायरोटीमा, तर त्यसको बारेमा कहीँ छैन । त्यो संरचना

बनेको छ, त्यो कानुन बनेको छ, त्यसले हामीले इन्भेन्टी बनाएर गण्डकी प्रदेशको यति ताल तलैयाहरु छन्, तिनलाई यति यति गर्न सकिन्छ, त्यसले पर्यटनमा यति कन्ट्रिभेसन गर्छ, त्यसले यति उत्पादनमा वृद्धि गर्छ, त्यसले यति रोजगारी सिर्जना गर्छ भनेर अध्ययन गरिएको छ भनेर यहाँ ५० ठाउँमा यहाँ अध्ययन अध्ययन अध्यन भनेर लेखिएको छ अध्ययन गर्ने भनेपछि अनि एउटा कमिटी बनायो अनि दियो ।

यसरी यो बजेटको दुरुपयोग, यसरी यो समयको वरवादी, यसरी यो सरकार रहनु भनेको गण्डकी प्रदेशवासीका लागि यो भन्दा ठूलो दूर्भाग्य केही नहुने भयो । हामीले हिजो सरकारमा हेर्नुहोस् त, त्यस्तो बेलामा हामी आउने बेलामा कुनै संरचना थिएन, कुनै मन्त्रालय थिएन, कुनै कानुन थिएन कुनै केही थिएन । त्यो बेलामा पनि हामीले जनतामा एउटा मुर्जित भएका सपनाहरु जगाएका थियौं, जनतामा एउटा विश्वास पलाउने बनाएका थियौं । तपाईंहरुले हिजोका सडकहरुका आज हामीले जहाँ छोडेका थियौं आज त्यहीं छन् । आज तपाईंले जुनसुकै काम हेर्नुहोस् त कही अगाडि बढेको छैन ।

मैले यसो मन्त्रालयमा पसेर हेरें बजेट कति खर्च भयो भन्दा खर्च भएको पनि देखिन्छ तर त्यहाँ रिजल्ट आउन सकेको छैन। बालुवामा पानी हाले जस्तो भएको छ । तपाईंको सिद्धान्त र प्राथमिकता तपाईंले हेर्नुभयो भने प्रायोरटी तपाईंले दिनै सक्नुभएको छैन । तपाईंको प्रायोरटी कृषि हो कि ? तपाइंको प्रायोरटी ऊर्जा हो कि? तपाइंको प्रायोरटी पर्यटन हो कि ? तपाइंको प्रायोरटी उद्योग हो कि? के हो यो प्रायोरटी भन्दिनुहोस त अर्थमन्त्रीज्यू ? भन्नुहोस् त सरकारका मुख्यन्त्रीज्यू, ? माननीय सभामुख मार्फत् म भन्न चाहन्छु । सबै चिज लिएर आएर राखेर अघि नै हाम्रा पूर्व अर्थमन्त्रीज्यूले भनिसक्नुभयो, यो पनि राखौं, यो पनि राखौं, यो पनि राखौं भनेर राखिसकेपछि हुन्छ भनेर राख्यो भने त किन प्रायरोटी भन्नुपर्यो ?

किन प्राथमिकता भन्नु पर्यो ? हामीसँग वग्रेल्ती योजनाहरु छन्, हामीसँग धेरै डिमाण्डहरु छन्, हामीलाई धेरै कुरा गर्ने चाहना छ, तिनलाई प्रायोरटी तोक्नको लागि बजेटमा एउटा एउटा हुन पर्यो नि । हामी आज दाल भात तरकारी खान्छौं, चिया

खान्छौं तर त्यही चिया खाँदाखेरी अलि टेष्टी भयो भने आहा कति मिठो ? त्यो कुरा ल्याउनका लागि यो बजेटको सिद्धान्त र प्राथमिकता ल्याउने हो के । यो एकदमै नुनै नहालेको जस्तो, एकदम निरास, एकदम सुन्नेलाई पनि कसैको चाख छैन । हेर्नुहोस् त हिजो हामीले सिद्धान्त र प्राथमिकता गर्ने बेलामा कति धेरै जनताको चासो हुन्थ्यो, अहिले जनताको केही चासो छ ? हेर्नुहोस् त । यस्तो किसिमको यो ल्याउनै पर्ने भएको हुनाले नेतृत्व के हुन्छ भने, नेतृत्व भइसकेपछि उसले केही न केही आफ्नो भिजन दिन्छ । यो त के भयो भने, अब भए मध्येको एउटा बनाउन भनेर बनाएको जस्तो ।

अब यो यो सरकारसँग के आशा गर्ने ? यस्तो कार्यक्रमबाट भोलि नीति कस्तो आउने होला ? यसले अब दिनको संकेत विहानीले गर्छ भने जस्तै, यो सिद्धान्त र प्राथमिकता देख्दाखेरी यो सरकारको हैसियत, यो सरकारको योग्यता, यो सरकारको क्षमता, यो सबै छरपस्ट देखियो । अब यो दस्तावेज कोही वौद्धिक मान्छले, कोही सरकार संचालन गर्ने मान्छेले हेर्यो भने यो भन्दा धेरै टिप्पणी गर्न मैले आवश्यक ठानेको छैन । यसले केही तपाईंहरुले ५—७ महिना गण्डकी प्रदेशवासीका लागि र हाम्रा लागि यो भन्दा ठूलो समयको वर्वादी केही नहुने भयो, यसले दिनुपर्यो नि । अहिले ल हेर्नुहोस् बजेट राष्ट्रको स्थिति हेर्नुहुन्छ भने महंङ्गी ७.५ प्रतिशतले वृद्धि भएको छ, खाद्यवस्तुमा आज २० प्रतिशत भन्दा बढी महङ्गी छ, गैर खाद्यवस्तुमा १५ प्रतिशत भन्दा बढी महंङ्गी छ, यो सरकार बेखवर छ । अब यो चुनौतिलाई कसरी सामना गर्ने ?

यसले गण्डकी प्रदेशवासीलाई कसरी हामीले बचाउने ? कसरी अर्थतन्त्रलाई बचाउने ? कसरी विकास निर्माणका कामहरु अगाडि बढाउने ? यो सिद्धान्त र प्राथमिकतामा कहाँनिर देखिन्छ भन्नुहोस् त ? यो कुनै आलोचनाको लागि आलोचना होइन । एउटा उखान छ, सम्धी सम्धी आग्रा गएर आउनुभएछ, अनि आग्रा गएर आएपछि यति विकास भएछ, यस्तो भएछ, उस्तो भएछ भनेर भन्नुहुँदोरहेछ, अनि अर्को सम्धी गाउँमै बस्नुहुँदोरहेछ उसले गाग्राको कुरा गर्नुहुँदोरहेछ के । हिजोको सरकारले हामीले

भनेका छौं, हाम्रो मुख्यमन्त्रीले यहीँ अस्ति विपक्षी दलको नेताको तर्फबाट भन्नुभयो तपाइंहरुले कामको विकासका लागि गर्नुहोस् भन्दाखेरी कुरा गर्दा त हो त भन्ने अनि त्यही गाग्राको कुरा गरेको जस्तो अनि आफ्नो केही कुरा पनि नगर्ने हो भने ती हिजोका कामहरुले निरन्तरता पाउने भएनन् । ती कुराहरु तपाईंहरुले एउटा जग डिपिसी भत्काएर पनि भत्किदैन त्यो, हामीले जग राम्रैसँग हालेका छौं । कानुनको क्षेत्रमा हेर्नुहोस्, योजनाको क्षेत्रमा हुर्नुहोस्, यो पञ्चवर्षिय योजनाहरुलाई कार्यान्वयन गरिने भनिएको छ ।

२३ वटा हाम्रा प्रदेश गौरवका आयोजनामा कहीँ लेखिएको छ के गरिन्छ भनेर । अब बजेट आउने बेलामा पनि यही हालत होला नि त ? तपाईंहरुले ती २३ वटा योजना पनि त्यो पञ्चवर्षिय योजनालाई राम्ररी सरकारले अध्ययन पनि गरेन कि, यो नीति तथा कार्यक्रम ल्याउँदाखेरी हेरेन कि ? पढेन कि ? बुझेन कि ? त्यो हिजोको सरकारले बनाएको किन हेर्ने भन्ने ठान्यो कि ? यो गण्डकी प्रदेशको विकासक लागि हो, समृद्धीका लागि हो । हामीले पर्यटनलाई विकास गर्नका लागि पर्यटन पनि विदेशबाट ल्याउने, आउने । पर्यटनलाई खानेकुरा पनि विदेशबाट ल्याउने होइन, त्यसका लागि हामीले आधार निर्माण गर्नु पर्छ । त्यसकारण कृषि उतपादन, अर्गानिक उत्पादनमा जोड दिऊँ ।

मुख्यमन्त्री कृषि कार्यक्रम तपाईंको यो सिद्धान्त र प्राथमिकता कहींनिर देखिदैन । तपाईंले यो होमस्टे एउटा राखुभएको छ कार्यविधि, कार्यविधि किन चाहियो ? त्यसमा संसोधन गर्नु पर्नेछ, त्यसमा केही नयाँ कुरा राखुपर्नेछ भने त्यसमा अपडेट गर्न सकिन्छ । कार्यविधि बनाउन अब आवश्यक छैन । तपाईंहरु विषयमा जानै सक्नु भएन, प्रवेश गर्नै सक्नु भएन, तपाईंहरुले चासै राखु भएन, तपाईंहरुले इच्छै देखाउनु भएन भन्ने कुरा यो सिद्धान्त र प्राथमिकताबाट देखिन्छ ।

म सभामुख मार्फत, सरकारका प्रतिनिधिहरुलाई, माननीय अर्थमन्त्रीज्यूलाई म गम्भिर ध्यानाकर्षण गर्न चाहन्छु । हामी व्यक्तिगत रुपमा तपाईंहरुसँग कुनै हामीले विपक्षी दलको नेताले हामी सकारात्मक सहयोग गर्न चाहन्छौं, हामी रिजल्ट निकाल्न

चाहन्छौं। अहिलेको समस्यालाई समाधान गर्नका लागि सरकारलाई के सहयोग गर्नुपर्यो ? प्रतिपक्ष यो भन्दा धेरै सिर्जनात्मक हिसावले सहयोग गर्न के गर्नुपर्यो भन्नुहोस् ? तर त्यो देखिदैन । त्यो एकदमै तपाईहरुको यो विपक्षले आरोप लगायो भन्ने नठान्नुहोला । यो भन्दा तल असक्षम हुने, यो भन्दा तल जाने, यो भन्दा नालायकी पन देखाउने सरकारको कुनै ठाउँ नै रहँदैन, मेरो भनाई यति भन्दै मेरो भनाई यहीं अन्त गर्न चाहन्छु । हस् त, धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री ललितकला गरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री ईन्द्रलाल सापकोटा।

**माननीय ललितकला गरुङः-**

माननीय सभामुख महोदय, यस गरीमामय सभामा आफ्नो भनाई राख्दै गर्दा प्रथमतः ज्ञात, अज्ञात सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । हाम्रो कार्यकाल नै अविस्मरणीय बन्यो, सारा मानव जगत नै भयभित हुने गरी भित्रिएको कोभिड महामारीबाट ज्यान गुमाउनु हुने सबै प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । हालसम्म सामना गरिरहनुभएका सम्पूर्ण जति पनि संक्रमितको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै, उपचारमा खटिनुभएका स्वास्थ्यकर्मी र सम्पूर्ण राष्ट्रसेवक, कर्मचारी सबै सबै प्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

भर्खरै मात्रै स्थानीय तह निर्वाचन सम्पन्न भइसकेको छ, त्यसमा सबै विजेता र उपविजेताहरुलाई वधाई दिन चाहन्छु र सहानुभूति व्यक्त गर्न चाहन्छु । हिजोमात्र माननीय अर्थमन्त्री रामजी प्रसाद वराल जीवन ज्यूद्वारा प्रस्तुत विनियोजन विधेयक आर्थिक वर्ष २०७९/८० मा समावेश विषय सिद्धान्त र प्राथमिकता सुन्ने र पढ्ने जुन अवसर मिल्यो यसको लागि आभार अनि वधाई व्यक्त गर्न चाहन्छु । हामी कार्यकालको सायद अन्तिम अधिवेशनमा छौं । राम्रो गर्नुपर्छ भन्ने हाम्रो सरकारलाई छ। भरपुर मेहेनतका साथ कार्यक्रमहरु पक्कै पनि समेटिएर नै आएका छन्।

सभामुख महोदय, बजेटका सिद्धान्त र प्राथमिकतमा आएको नीलो किताव २१ पेज र ८७ बुँदामा सबै पक्ष अटाएर समेटेर ल्याउन खोजिएको छ, जति समेटिएका छैनन् अब समेटिएर आउने नै छ । बालबालिका, महिला, युवा, शिक्षा, स्वास्थ्य, रोजगार, श्रम, उत्पादन, बजार, सडक, खानेपानी, ऊर्जा, सिँचाई, सुरक्षा, उद्धार, पर्याटन प्रायः समेटिएका नै छन् । माननीय अर्थमन्त्रीज्यू तथा सरकारलाई सभामुख महोदय मार्फत् के निवेदन गर्न चाहन्छु भन्दा बजेट कर्णप्रिय भन्दा लोकप्रिय परिवर्तनकारी कार्यान्वयन योग्य उपलब्धिमूलक भोलिको लागि सकारात्मक परिणाम दिने खालको होस् भन्दै अन्त्यमा भएपनि प्रदेश सरकारले राम्रो गर्यो भन्ने सबै गण्डकी प्रदेशका जनतालाई परोस् मेरो र हाम्रो दलको तर्फबाट पूर्ण समर्थन रहेको जनाउँदै आफ्नो भनाई अन्त्य गर्न चाहन्छु । धन्यवाद । नमस्कार, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री राम बहादुर गुरुङ।

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुखज्यू, आज हामी यो वर्षे अधिवेशन र मूलतः बजेट अधिवेशन भनेर हामी चिन्ने गर्छौं ।यो बजेट अधिवेशनको पूर्व सन्ध्यामा, बजेटका सिद्धान्त र प्राथमिकता माथि छलफलमा छौं । धेरै माननीयज्यूहरुले यसको बारेमा धेरै विषयहरु राखुभएको छ, म त्यतातिर जान चाहन्न । पहिलो कुरा त, मलाई सरसर्ती यो बजेटका सिद्धान्त र प्राथमिकता अध्ययन गर्ने अवसर प्राप्त गरें र यो पढिसकेपछि मैले ०७४ देखि अहिलेसम्मका सबै सिद्धान्त र प्राथमिकताहरुलाई सरसर्ती अध्ययन गर्दा नरिसाउनुहोला, फेरी पनि यो सिद्धान्त र प्राथमिकता छुटयाउने सन्दर्भमा यो कतै नीति कार्यक्रमको अर्को रुपमा आयो कि भन्ने मलाई अनुभूत भएको छ ।

हिजो वाचन गर्ने सन्दर्भमा पनि मलाई बस्दाखेरी लागेको थियो, वास्तवमा हामी कुन सिद्धान्तको जगमा बजेट बनाउँदै छौं ? र यो वर्षको हाम्रो बजेटको प्रायोरटी के हो

भन्ने कुरा नै यसले, छुटाउनु पर्छ भन्ने मलाई लाग्छ, । यसको शब्द, व्याकरण, भाषा शैली त्यतातिर मैले बढी टिप्पणी गरिन । फेरी पनि मैले, हामी यो गरिमामय सदनमा प्रस्तुत भइरहँदा यी धेरै विषयहरु ख्याल गर्नुपर्छ भन्ने लाग्छ । फेरी पनि सिद्धान्त र प्राथमिकता निर्धारण गर्ने सन्दर्भमा यो अलमलिएको, बाटो बिराएको, र नियत राम्रो होला, यसको मनसाय खराव छ म भन्न चाहन्नँ । फेरी पनि नियत राम्रो हुँदाहुँदै पनि यसमा मेहेनत पुगेन, ध्यान पुगेन ।

वास्तवमा यसले ०७४ देखि आजसम्म आएका नीति, सिद्धान्त र प्राथमिकतालाई एकचोटी दाँजेर हेरौं, वास्तवमा कहीँ न कहीँ यो ध्यान पुगेन, मेहेनत पुगेन । सम्भवतः ५ दलिय गठवन्धन, तपाईहरु गठवन्धनमा हुनुहुन्छ, दलहरुका ईच्छा त्यहाँ बाझिएका छन् र स्वभाविक ढंगले राम्रो गराँउछु भन्दा, सबैको विषय पार्छु भन्दा, सबै दलका भावना समेट्छु भन्दा कता राम्रो बनाउँचु भन्दा उँट बन्ने जस्तै वास्तवमा जुन विधिको जुन तरिकाको यो बजेट र प्राथमिकता आउनुपर्थ्यो त्यो आउन सकेको छैन, यसलाई मलाई फेरी पनि पुनरविचार गर्नका निमित, यसलाई अझै तिखार गर्नका निम्ति मैले माननीय मन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्न चाहन्छु । सिद्धान्तका क्षेत्रमा उहाँले पकेड्नु भएको छ कहीँ बिराएर, जुनसुकै ढंगले भने पनि । हामी पन्ध्रौ पञ्चवर्षिय योजनाको कुरा गरेका छौं, प्रथम प्रदेशको पञ्चवर्षिय योजनाको कुरा गरेका छौं, मध्यकालिन खर्च संरचनाका कुराहरु देखि लिएर धेरै कुराहरु, हामीले दिगो विकास लक्ष्यको कुरा गरेका छौं, धेरै कुरा गरेका छौं । तर नढाँटीकन हामी छातीमा हात राखेर भनौं, आज वास्तवमा हामी भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न गरेर यहाँ आएका छौं ।

यही स्थानीय तहको निर्वाचनले देशव्यापी रुपमा, कहीँ न कहीँ गम्भिर भएर सोचौं । हामीले २०४६ सालको राजनीतिक परिवर्तन पश्चात् ०६२/६३ को मुभमेण्टसम्म आइपुग्दा र ०७२ को संविधान जारी गरिरहँदा आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा हामी पहिलो प्रदेश सभाको सांसदको हैसियतले ५ वर्ष बिताउन लागिरहँदा, के साँच्चै हामी युवाहरुको चाहना, जनताहरुको चाहना र तपाईंमाथि जुन

अपेक्षा थियो मुलुकको, त्यतातिर हाम्रा गतिविधिहरु मुखरित छन् कि छैनन् ? हाम्रा दस्तावेजहरुमा उल्लेख भएका बिषयबस्तु त्यतातिर केन्द्रित छन् कि छैन ? साँच्चै हामी पन्ध्रौ पञ्चवर्षिय योजनामा टेकेका छौं ? के साँच्चै गण्डकी प्रदेशको प्रथम पञ्चर्षिय योजनामा टेक्दैछौं ? के साँच्चै दिगो विकास लक्ष्यमा हामी टेक्दै छौं ? के समतामूलक समन्यायिक र लैंगिक उत्तरदायिपूर्ण बजेट साँच्चै बनाउँदै छौं ? के भौगोलिक हिसावले, लैंगिक हिसावले, जातीय हिसावले पछाडि परेका क्षेत्र र समुदायले साँच्चै प्रतिनिधीत्व गर्दैछौं ? एकचोटी कोटयाउँ त ? मलाई लाग्छ यो बजेटमा पनि ति चिज छैनन । त्यसकारण मैले यो वास्तवमा संघीय लोकतान्त्रिक गणतन्त्रको जलप हामीले लगाइरहेका छौं । तर बजेट त्यतातिर उन्मुख छैन ।

त्यसकारण हामी साँच्चै गणतन्त्रवादी हौ, साँच्चै हामीले यो व्यवस्था ल्याउनका निम्ति कुर्वानी गरेका छौं, साँच्चै हामी यो व्यवस्थालाई दिगो बनाउन चाहन्छौं, साँच्चै जनतालाई प्रत्याभूत दिन चाहन्छौं भने मैले सबै मुलतः अहिले सत्तापक्षमा बस्ने राजनैतिक दलहरुलाई सम्झिनुहोस् त विगतको बजेट, मैले धेरै कुरा कोट्याउन चाहन्न । तपाईहरु वितग सरकारले चालेका कतिपय सकारात्मक कदमहरु हामी निरन्तरता दिन्छौं भनेर भन्नुभएको छ, धन्यवाद । तर एक निर्वाचन क्षेत्र, एक सडक आज ५ वर्ष हुँदा कालोपत्रे भएको छैन, बजेटको अवस्था के छ ? एकचोटी हेक्का राख्नुस् । हिजो अनुसूचीमा लगेर फालिएका मोटरेवल पुल कहाँ छन् ? आज हेक्का राख्नुहोस् । झोलुंगे पुलहरु कहाँ छन् ? हेक्का राख्नुहोस् । गतवर्ष बाढी आयो आज २ वटा तटवन्धन नपाएर आज भूसंरक्षण कार्यालयमा जाँदा २ ठाउँमा जाली पाउने स्थिति छैन, कहाँ छौं हामी ?

पर्यटनको क्षेत्रमा हामीले यति वटा होमस्टे बनायौं भन्यौं, आज होमस्टेको अवस्था के छ ? वास्तवमा हामीले प्रकृतिले दिएको पर्यटन बाहेक केही बेचेका छौं ? म त फेरी पनि भन्छु, खेलमैदान बनाउने भन्यो एक गाउँपालिका एक खेलमैदान बनायौं। कम्तिमा मैले यसो पढें विगतको नीति त्यो बजेटको सिद्धान्त प्राथमिकता हेर्दा पनि ए बाबा ! कम्तिमा ५ वर्षमा हामीले एउटा क्रिकेट मैदान बनाउन सकेनौं।

हामीले एउटा अन्तर्राष्ट्रिय लेभलको रंङ्गशाला बनाउँछौ भनेर हामीले रंङ्गशाला बनाउन सकेनौं । आज उद्योग्राम कहाँ हो मैले पढें कहीं पनि भेट्दिन । हामी औद्योगिकरण गर्ने भनेका छौं, हामी नीजि, सहकारी र सरकारी ३ क्षेत्रको भूमिकालाई उजागर गरेर हामीले उत्पादनशीलता बढाउने कुरा गरेका छौं । तर कल्पना गर्नोस् त, आज मूल्यवृद्धि कहाँ छ ? आज हामी पेट्रोलियम पदार्थको मूल्य बढेको छ, ग्याँसको मूल्य बढेको छ, आज आगो फुक्ने स्थिति छैन घरमा चुलो बल्ने स्थिति छैन।

यो गण्डकी प्रदेश सरकार यतिबेला गम्भिर हुनुपर्दैन ? त्यो बढेको ग्याँसलाई विस्थापित गर्नका निम्ति वैकल्पिक कार्य योजना यो भित्र पर्नु पर्छ कि पर्दैन ? हामीले कम्तिमा सिलिण्डरलाई घटाउने कुराको कार्यक्रम ल्याउनु पर्छ कि पर्दैन ? हामीले मितव्ययिताको कुरा गरेका छौं, पारदर्शीताका कुरा गरेका छौं । एकचोटी छातीमा हात राखौं, साँच्चै जनताले हामीलाई पारदर्शी मानेकी मानेनन् ? जनताले हामी पारदर्शी छन्, नेताहरुले सम्झेका छन् कि छैनन् ? हामी सडकमा झण्डा हल्लाएको गाडी चढेर जाँदा छिः छिः गर्ने स्थिति छ । त्यो वास्तवमा यो स्थानीय निर्वाचनले कहीं न कहीं तपाईं हामीमाथि धेरै चोर औंलो ठड्याएका छ, तर तपाईं हामी त्यतातिर गम्भिर छैनौं । सरकार टिकाउनका निम्ति हामी जे पनि गर्दैछौं, मन्त्रीमण्डलको संख्या बढायौं, दलका नाममा भागवण्डा मिलाउनका लागि निम्ति गाडी कुदाएका छौं । के यही हो मितव्ययीता ? के यही हो पारदर्शिता ? के हो प्राथमिकता ? हामीले पहिलो ०७४ कै नीति कार्यक्रममा सार्वजनिक गरेका थियौं गण्डकी प्रदेशको पहिलो प्रायोरटी पर्यटन।

पर्यटनका निम्ति मुक्तिनाथमा के गयौं ? लोमान्थाङ के गयौं ? ढोरपाटन के गयौं ? चुमनुम्री के गयौं ? पोखराका फेवाताल र वेगनास तालहरु के गयौं ? अन्तको अनि यस्ता पर्यटकीय गन्तव्य गयौं के भन्नुहोस् त ? हामी यतातिर वास्तवमा गम्भिर हुनु पर्दछ कि पर्दैन ? पैसा भएन, बजेट भएन भनेर अघि बजेटमा तपाईंहरु ठूला प्रदेश गौरवका योजनाहरु थाती राख्नुभयो, कतिपय मोटरेवल पुल थाती राख्नुभयो, झोलुंगे पुल

थाती राख्नुभयो, १ घर १ खानेपानी धारा समाल्न त समाल्नुभएको छ, भन्नुभएको छ हामी उत्तराधिकारी हौं । हामीले कहाँ काटेका छौं भनेर भन्नुभएको छ तर गतिलो गरी समाल्नुभएको छ ? गतिलो गरी पकडनु भएको छ ? पकडनु भएको छैन । आज विश्विद्यालय बनायौं त्यसलाई गति दिने सन्दर्भ खोई हाम्रो तौरतरिका ? हामी प्राविधिक प्रतिष्ठानका कुरा गर्यौं खोई त्यसलाई हामीले व्यवस्थित गर्न खोजेको ? त्यसकारण यो सबै कुराले के देखाउँदै छ भने वास्तवमा हामी न मितव्ययी बन्न सक्यौ ? न पारदर्शी बन्न सक्यौ ? न जवाफदेही बन्न सक्यौं ? हामी फेरी पनि म भन्दै छु, यो बिरालोलाई श्राद्धमा विरालोलाई बाँधेझैं, एकदम शब्द भाषाशैली मिलाएर लेखेर यहाँ प्रस्तुत गरेको छु, तर वास्तवमा मैले सत्तापक्ष मूलतः यतिबेला गठवन्धनमा रहेका साथीहरुलाई मैले विनर्मतापूर्वक आग्रह गर्न चाहन्छु ।

जिम्मेवार बन्नुहोस्, अघिल्लो चोटी तपाईंहरुले ७८५ वटा भन्दा बेसी योजनाहरु ल्याउनुभयो, बाहिर पैसा छैन भन्नुभयो । असार १५ मा र १६ करोड पैसा बाँड्नुभयो तर तपाईहरु पैसा छैन भन्नुभयो, ठूलो योजना काट्नु भयो । २ थान जाली जनताले नपाउने तर तपाईंहरु १६ करोड असार १५ मा बाँड्ने २० मा फरफारक गर्ने । हामीले सबैहेरेका छौं त्यसकारण यो कुरालाई कम्तिमा आत्मसात् गरौं, जिम्मेवार बनौं कम्तिमा तपाईंहरु साँच्चै गण्डकी प्रदेशभित्र हामीले आज ५३ वटा भन्दा बढी ऐन बनाएछौं । यी हाम्रा ऐन कति कार्यान्वयन भएका छन्, यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा यहाँ कहीं कहीं सोच छ ? प्रदेशले सरकारले बनाएका ऐनहहरु कति कार्यान्वयन भए कहिले हेरेका छौ ? हामी गिटी, बालुवा, ढुंगा हाम्रा आम्दानीका स्रोत धेरै छैन भनेर हामीले भनेका छौं ।

हामीले कुनै हाम्रा गण्डकीका पाखा पखेराहरुलाई ढुंगा स्लेट निकाल्ने त्यसलाई व्यवस्थित गर्ने कुरो सोचेका छौं ? हामी आज खोलाहरु सबै सीमित मान्छेको दायराभित्र छन्, पाखुरेहरुको दायराभित्र छन्, निश्चित मान्छेहरुका दायराभित्र छन्, तर हामीले कहीं त्यसबाट राजश्व प्रदेशलाई धनी बनाउने कुरा सोचेका छौं ? हाम्रा आम्दानी छैन, केन्द्रले पठाएको बजेट जस्ताको तस्तै गाडीको संख्या थपेर, गाडीको

झण्डा धेरै हल्लाएर, हामी प्रदेशलाई सस्टेन्स (स्थायित्व) गर्न सक्दैनौ, हामीमाथि प्रश्न चिन्ह खडा भएको छ । हामीले खाने तलव, हामीले चढ्ने गाडी, हामीले लिने सुविधा, के संघीय सरकारले पठाएको बजेटबाट त्यति मात्रै गर्नका निम्ती, झण्डा हल्लाउनका निम्ती मात्रै, कार्य खोल्नका निम्ति मात्रै, बढोन्तर थप्नका लागि मात्रै हो ? होइन । त्यसकारण यसले प्रदेशमाथि नै प्रश्न खडा भएको छ ।

त्यसकारण म सत्तापक्षका साथीहरुलाई अत्यन्तै विनम्रतासाथ अनुरोध गर्न चाहन्छु । यदि हामी संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति क्रान्ति गरेका हौ, हामीले वलिदानी गरेका हौं र हामीले कुर्वानी गरेका हौं भने अब ५ लाख र ७ लाख र ३ लाख र ४ लाखका बजेट नबाँड्नुहोस्, वहुत गम्भिर हुनुहोस् । आज हेर्नोस् त, तपाईहरु कोभिडको कुरा गरिरहनु भएको छ, अर्थतन्त्रको कुरा गरिरहनु भएको छ, आज ६ महिना देखि बैंकले कुनै पनि व्यवसायीलाई १ रुपैयाँ लोन दिन सक्ने स्थिति छैन । आज होटल व्यवसायहरु, थुप्रै व्यवसायहरु तलव दिन नसकेर, भाडा तिर्न नसकेर, आज बन्द भएका छन्, थला परेका छन्, उठ्नै नसक्ने अवस्थमा छन् । आज बैंकमा तरलता छैन, मुद्रा सञ्चितीको अवस्था तपाईहरुले देखुभएको छ, ३ महिनालाई भन्दा पुग्ने मुद्रा सञ्चिती छैन । हाम्रो बारेमा कहीँ छलफल छ ?

कहीँ यो नीति कार्यक्रममा एक वाक्य परेको छ ? कहीँ त्यतातिर चिन्तन मनन छ? खाली तपाईंको त्यो के हो भने वाक्य र शैली प्रयोग गरेर किताव त पोख्यौं तर मैले मित्रहरुलाई आग्रह गर्न चाहन्छु, हामी गम्भिर बनेनौं । साँच्चै न सिद्धान्तको जगमा टेक्यौं, न व्यवहारको जगमा टेक्यौं, न हाम्रा व्यवहार जनमैत्री छन्, न हाम्रा सिद्धान्त जनतालाई छुनेखालका छन् ? बाटोमा खाल्टो परेको छ, त्यतातिर ध्यान छैन । चुलो बलेको छैन, ग्याँसमा २ मूल्य बढ्छ, त्यतातिर ध्यान छैन । हामी गाडी घोडालाई कसरी धेरैलाई चढाएर, सरकार लामो टिकाउने, कसरी निर्वाचन परिणाममा हात लगाउने भन्ने कुरामा मात्रै हामीले ध्यान पुर्यायौं ।

त्यसकारण मैले फेरी पनि विनम्रताका साथ भन्न चाहन्छु । निर्वाचनको सम्मुखमा छौं, हाम्रो अवधि धेरै छैन, फेरी सधैं भरि तपांई हामी संसद, मन्त्री रहन्छौं भन्ने छैन,

त्यो ग्यारेण्टी छैन तर यो प्रदेश रहन्छ । त्यसका निम्ति पनि तपाईं हामी गम्भिर बनौं । हामीले बनाएको नीति, हामीले बनाएको सिद्धान्तले भोलि हामीलाई नगिजाओस्, भोली हामीलाई जनताले प्रश्न खडा नगरुन् । हस् धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राम बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय राम बहादुर गुरुङ**

माननीय सभामुख ज्यू, आज हामी सिद्धान्त र प्राथमिकताको विनियोजन विधेयक २०७९/८० को सिद्धान्त र प्राथमिकताको लागि अर्थमन्त्रीज्यूले १२ गते पेश गर्नुभएको छ, छलफलको लागि यहाँ प्रस्तुत गरिसक्नु भएको छ, यो छलफलको क्रममा महत्वपूर्ण कुरा साथीहरुले धेरै कुरा राखिसक्नुभएको छ । त्यसकारणले म पृथक हुन सक्छ । हामी विशाल दुई जनशक्ति भएको देश, विशाल अर्थतन्त्रको भाव संवाहकको देश चीन र भारतको बिचमा छौं । आज हामी यो सदनमा बोलिरहेका छौं र हामीले समृद्धिको कुरा गरिरहेका छौं, हामीले अर्थतन्त्रको कुरा गरिरहेका छौं, कृषिको कुरा गरिरहेका छौं, उद्योगको कुरा गरिरहेका छौं, शिक्षा र स्वास्थ्यको कुरा गरिरहेका छौं यहीं नजिक जोडिएको मुलुकमा ४० प्रतिशत, ५० प्रतिशत हाम्रो भन्दा उहाँले त्यहाँको जनताले सुविधा पाइरहेको छ, यो कुरामा विश्लेषण गर्ने कि नगर्ने ?

यो महत्वपूर्ण कुरा हो कि होइन ? हामी जनताको प्रतिनिधि भन्ने, तर हामीले यो कुराको विश्लेषण गर्ने कि नगर्ने ? अनुसन्धान गर्ने कि नगर्ने भन्ने महत्वपूर्ण कुरा यो सरकारले गर्न म हार्दिक अनुरोध गर्दछु । महंगीको कुरा गरिसकेको छ अघि तेलको भाउ बढ्यो, महंगी ३० प्रतिशतले बढ्यो, यो कसले जिम्मेवारी लिने ? यो सरकारले लिनु पर्दैन ? यो सरकारलाई म हार्दिक अनुरोध गर्न चाहान्छु। विगतका सरकारले २०७४ सालमा गण्डकी प्रदेशको सरकारको संस्थापक मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले ४ वटा यो बजेट ल्याएको छ, त्यसमा यो सरकारले त्यो कपि गर्नै नजानेको हो कि ? त्यो ढंग पनि नभएको, रंग पनि नभएको हो कि ? यो

अल्मलियो किन भन्छु म ? यो सरकार ०७४ सालमा त्यो अघि पूर्ववक्त साथीले भन्नुभयो यो जिरो थियो । हामी र तपाईंहरुलाई थाहै छ, अब नजिक आइसक्यो हामीले यो कुरा गर्नैपर्छ । पर्यटन वोर्डमा गएर शपथ ग्रहण गरिरहँदा र यस अवस्थामा आइरहँदा यो प्रदेश सरकारले विगतको सरकारले स्थापना गरेको हो नि ।

त्यसकारण यो सरकारलाई घोडामाथी चढ्न सजिलो बनाइदिदा खेरी बैफङ्गि घोडा जस्तो बनाएर यो सरकार बनाइराखेको त थियो नि त ४ वर्षको अवधिमा तर किन अलमलियो भन्ने कुरा यो उहाँहरु आँफै बुझ्नु पर्छ भन्ने कुरा म यहाँ राख्न चाहे। तर मलाई अब मेरो क्षेत्रकै कुरा गर्दाखेरी दुई तिनवटा डिपिआर गर्यो पुल त्यो पुलको अत्तोपत्तै छैन, त्यो खर्च मात्रै भयो, त्यो औचित्य भएन । फेरी बजेट छुटायो फेरी बजेटै छैन भन्यो अब यो वर्षै सक्न लाग्यो टेण्डरै छैन। जनता दिन दिनै गएर त्यो पुल हेर्छ । आज चार वर्ष भयो डिपीआर गर्देउ डिपीआर गरेर बजेट छुट्यायो तर अहिले सम्म त्यो दुई करोड सत्ताईस लाख रुपैयाँ छुट्यायो न टेण्डर गर्छ र त्यो जनता सँधै पुल त्यो खोलाको छेउमा गएर हेरिरहेको छ।

त्यसकारणले यो सरकारको दायित्व दायित्व के हो भन्ने कुरा यो सरकारले बुझ्नु पर्छ। अब यो ठोस जुन साथीहरुले भन्यो यो ठोस आउनु पर्छ, यो जिस्काएको जस्तो, काम नपाएकाले ल पढ हेर भने जस्तो यो हुँदैन । ठोस् सिद्धान्त र प्राथमिकता भनेको छ नि त , प्राथमिकता केमा दिने हो त हामीले ? कृषिमा दिने हो कि ? पर्यटनमा दिने हो कि ? कृषिमा के के कारणले हामीले प्राथमिकता नदिने र ? के के कारणले हामीले प्राथमिकता दिने त कृषिलाई ? कृषिको चाहनामा इण्डियामा ५० रुपैयाँ किलो पर्ने चामललाई हामीलाई २०० रुपैयाँ पर्छ के गर्ने त हामीले ? उत्पादन नगर्ने ? यस्तो कुरामा विश्लेषण गर्ने कुरामा रिसर्च एण्ड डेभलपमेन्ट भन्ने कुरा संसारमा सबैभन्दा पहिलो हो । तपाईं रिसर्च गर्न सक्नुहुदैन भने तपाईले डेभलपम्न्ट गर्नु हुदैन।

त्यसले ठुलो क्षति हुन्छ,दुर्घटना हुन्छ आज मुलुक यसै भएर बैंक डुब्न लागेको छ।तपांईले अब हामीले अब बिभीन्न शिर्षकमा सहुलियत दिने भनेको छ। तपांईले

एउटा राख्न सक्नुहुन्न। खानेपानीको लिफ्टमा पहाडको चुचुरोमा त्यो खानेपानीको बिलमा बिजुलीको विलमा निशुल्क भनेर यो राख्न सक्नु हुन्न ।अनि त्यो उर्वर जमिनमा बाँझोमा लिफ्टीङ्गबाट सिंचाई गर्न विद्युत त्यो फिफ्टी प्रतिशत निशुल्क पाँच बर्ष भन्न सक्नुहुन्न। यसरी ठोस निर्णय ल्यायो भने बल्ल देश अग्रगतिमा जाने कुरा यहाँहरुलाई राख्न चाहान्छु।

निर्यातको कुरा गर्नु भयो तपांईले उहाँले यो बुकमा यो लाइनमा शब्द देखे जस्तो लाग्छ। निर्यातको मिनीङ थाहा पाउनु पर्छ। आज संसार जुनसुकै मुलुकमा पनि निर्यात नभए त्यो देशको बिकास हुन सकेको छैन। हामी संसारको लेस डेभलपमेन्ट कन्ट्रिमा पर्ने निर्यात नै छैन, निकाश नै छैन । हामी १६ प्रतिशत इम्पोर्ट गर्छ त्यसकारण यसतिर ध्यान नदिने । गण्डकी प्रदेशलाई म के आग्रह गर्न चाहन्छु भने, निर्यात व्यवसायी महासंघको म प्रेसिडेन्ट भएको हैसिययतले नेपालबाट अब १५ खर्व रुपैयाँ जबसम्म निर्यात गर्दैन तबसम्म सुखी नेपाली समृद्ध नेपाल हुनै सक्दैन । त्यसले निर्यातले के गर्छ भने, उत्पादन गर्छ, रोजगार जोड्छ, यो विदेशी मुद्रा आर्जन गर्छ र नेपालीले रोजगर पाउँछ । त्यसकारण यो कुरामा सरकारले ध्यानै दिँदैन । त्यो के त त्यो पूर्वाधार कसरी तयार गर्ने भन्ने कुरामा सरकारले गम्भिर ध्यान दिनुपर्छ, त्यसमा विज्ञहरु ल्याउनु पर्यो, चाईनाको एक्सपोर्ट कसरी भयो ? ईण्डियाको एक्सपोर्ट कसरी भयो भन्ने कुराको अध्ययन गर्नु पर्यो नि ।

गण्डकी प्रदेशले गत ०७७/०७८ मा एउटा अनुसन्धान गर्ने भनेर हाम्रा विकास लम्साल उद्योगमन्त्रीज्यूले एउटा रिसर्च एण्ड डेभलपमेन्ट गर्ने निर्याताको लागि भनेर ५-७ वठा कतिवठा १७ वटा वस्तुहरु गण्डकी प्रदेशबाट निकासी हुन सक्छ, त्यसलाई प्रवर्धन गर्न सक्छ कि भन्ने कुरा  त्यो ल्याएको थियो त्यसपछि सरकार पनि गयो त्यो कता गयो थाहै भएन। त्यसकारणले फेरी पनि यो सरकारलाई के भन्न चाहान्छु भने यो जिम्मेवारी बोकेपछी जिम्मेवारीबाट नपन्छिन म हार्दिक अनुरोध गर्न चाहान्छु। यो यस्तो किसीमको एउटा जनताले एउटा गण्डकी प्रदेश मात्र होइन, सिंगो नेपालले गण्डकी प्रदेशको सिद्धान्त र प्राथमिकता कस्तो छ भनेर हेरिरहेको छ ।

यो प्रदेशका सिद्धान्त र प्राथमिकता र अरु प्रदेशले पनि अनुशरण गर्न सकोस् र यो प्रदेशको विकासमा अरुले पनि हेरोस् र त्यो नमुना प्रदेशको रुपमा हामी जानुपर्छ र हुनुपर्छ भनेर म यहाँहरुलाई राख्न चाहान्छु। अब आउने बजेटमा पनि पक्षपात ढंगले र तपाईंहरुलाई भन्न चाहन्छु, फेरी पनि तपाईंहरु यदि सक्षम छैन भने विज्ञ ल्याउन किन लाज मान्ने ? आफू नाँच्न जान्दैन भने, नाँच्न जान्ने मान्छे ल्याउनु पर्यो नि । पढ्न जानेन, लेख्न जानेन भने लेख्ने जान्ने मान्छे ल्याउनुपर्यो नि त । तपाईंहरुले जनतालाई गुमराहमा राख्नुभएन, जनताहरुको प्रतिनिधि हो हामी । प्रिय साथीले अघिनै भनिसक्नु भयो, अब फेरी दोहोरिएर यो टेलबमा आउने कि नआउने ?

अब हामी ६ महिना बाँकी छ, त्यसकारणले राम्रो सन्देश दिएर यो सरकारले विग्रिए पनि फेरी पनि राम्रो सन्देश दियोस् भन्ने कुरा म राख्न चाहन्छु । आगामी दिनमा निर्यातको लागि म फेरी पनि के भन्न चाहन्छु भने, गण्डकी प्रदेशले ३ खर्व ५ वर्षसम्म निर्यात गर्ने योजना राखोस् र ३ खरव निर्यात गर्यो भने गण्डकी प्रदेशका कोही पनि जनता विदेश जानु पर्दैन, त्यो आबुखैरनी कटेर जानु पर्दैन, आफ्नै देशभित्रको क्षेत्रमा काम गर्न पाउँछ । त्यसकारणले यो निर्यात मुख्य हो भन्ने कुरा म यहाँलाई राख्न चाहन्छु र गण्डकी प्रदेशले यदि ३ खरव निर्यात गर्छ भने ५—७ लाख जनताले श्रम पाउँछ । काम गर्ने अवसर प्राप्त हुन्छ, यो कुरा म राख्न चाहन्छु। यो गण्डकी प्रदेशले चाहेको के हो भन्दाखेरी वेरोजगार नहोस्, आर्थिकन समृद्धी होस्, अर्कासँग हात थापेर खान नपरोस् भन्ने आज अरुसँग चन्दा माग्न नपरोस् र प्रिय साथी अघी साथीले भन्नुभयो, हाम्रा आम्दानीको स्रोत के हो त गण्डकी प्रदेशको ?

केन्द्रीय सरकारले दिएको पैसा अनुदान ल्याउने खाने, बाँड्ने, हिंड्ने यो मात्रै हाम्रो दायित्व हो त ? त्यसकारण यो पुष्टी त हामीले गर्नुपर्यो नि त जनताको अगाडि । ओलि हामीले गर्ला नगर्ला यो जनताको अगाडि गएर भोट त यो दलले त माग्नु पर्ला नि । तपाईंहरुले के काम गर्नुभयो भने के भन्ने ? त्यसकारण आफ्नो काम देखाउनलाई फेयर गरेर झुट ढाँट गरेर हुँदैन । हामी जनप्रतिनिधि भए तापनि हाम्रो मतदातः हामी भन्दा १० गुणा अगाडि छ उनीहरु । हामीलाई एनलाइसिस

गरिरहेका छन् उनीहरुले, हामीलाई हेरिराखेका छन्, निर्वाचनको बेलामा तपाईंहरुलाई देखिराखेका छौं, यही स्थानीय चुनावमा  देखायो छ नि, तपाईंहरुले बुझ्नुभएको छ होला राम्रोसँग स्थानीय चुनावमा । देखाइसकेको छ जनताले कुनै साथीले आफ्नो क्षमता छैन अनि अन्तरघात भयो ?  स्वतन्त्र उमेदवारले देशको प्रमख शहर काठमाडौंमा स्वतन्त्रले मेयर भइराखेको छ भने हामीलाई लाज लाग्दैन ? हामीले दलको कुरा गरेर मात्र हुन्छ ? हाम्रो स्ट्याण्ड कहाँ छ भन्ने कुरा थाहा हुनुपर्यो नि । अब फेरी पनि  म यो निर्यात नै आजको आवश्यकता हो र समृद्धी नै हाम्रो ढोका हो भन्ने कुरा राख्दै म फेरी पनि यहाँहरुमा राख्न चाहन्छु र यो अर्को बोल्न पाइन्छ कि अर्को पटक भन्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय दस्यहरु, अब यो वैठक २०७९ साल जेठ १६ गते विहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

**तयार गर्ने** **रुजु गर्ने** **कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ्**

कन्चन कम्प्युटर सेवा दिनेश कुमार के सी.सबिता कुमारी शर्मा
न्यूरोड पोखरा । ,अधिकृत (छैंटौं)माइक संचालक